# प्रादेशिक आर्थिक गतिविधि अध्ययन
## (बागमती प्रदेश)

# वार्षिक प्रतिवेदन
(आ.व.२०७९/८०)





## नेपाल राष्ट्र बैंक
आर्थिक अनुसन्धान विभाग



२०८० मंसिर

# भूमिका

आर्थिक स्थायित्व, अर्थतन्त्रको दिगो विकासका लागि मूल्य तथा शोधनान्तर स्थिरता र वित्तीय क्षेत्र स्थायित्व कायम गर्नु नेपाल राष्ट्र बैंकको उद्देश्य रहेको छ । यस बैंकले उपरोक्त उद्देश्यहरु हासिल गर्न मौद्रिक, वित्तीय र विदेशी विनिमय नीति तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । तथ्यमा आधारित नीति निर्माणका लागि बैंकले अर्थतन्त्रका विभिन्न विषयमा अध्ययन, अनुसन्धान गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ । बैंकले गर्ने अध्ययन अनुसन्धानको लागि कृषि, उद्योग र सेवा क्षेत्रका निकायबाट आवश्यक तथ्याङ्क तथा विवरणहरु संकलन/प्रशोधन गर्ने गर्दछ ।

वास्तविक क्षेत्रको आर्थिक अवस्था तथा समस्या पहिचान गरी आवश्यकता अनुरुप नीति तथा कार्यक्रम तर्जुमा गर्न बैंकले नियमित रुपमा आर्थिक गतिविधिको अध्ययन प्रतिवेदन तयार गर्ने गरेको छ । मुलुकमा संघीयताको कार्यान्वयनसँगै प्रशासनिक स्वरुपमा आएको परिवर्तनका कारण प्रादेशिक रुपमा आर्थिक गतिविधिको अध्ययन तथा विश्लेषणको आवश्यकता भएकोले "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७८, (प्रथम संशोधन २०७९ सहित)" मा रहेको व्यवस्था बमोजिम अनुसार यो अध्ययन प्रतिवेदन तयार गरिएको छ । उक्त मार्गदर्शनमा व्यवस्था भएअनुसार नै आर्थिक वर्ष २०७६/७७ देखि ७७ वटै जिल्लाहरूको आर्थिक तथा वित्तीय अवस्थालाई समेटी प्रादेशिक रुपमा प्रतिवेदन तयार गर्ने गरिएको छ । सोही क्रममा आर्थिक अनुसन्धान विभागले बागमती प्रदेशका १३ जिल्लाहरु समेटी यो प्रतिवेदन तयार गरेको हो ।

स्थलगत सर्वेक्षणका माध्यमबाट कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरूको आर्थिक वर्ष २०७९/८० को वार्षिक तथ्याङ्क जिल्लागत रूपमा संङ्कलन/प्रशोधन गरी यो प्रतिवेदन तयार पारिएको छ । जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको आर्थिक अवस्था प्रस्तुत गरिएको छ भने सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा बाँकी अवधिको परिदृश्य चित्रण गरिएको छ ।

प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरूप्रति आभार प्रकट गर्दछु । प्रतिवेदन तयार पार्न संयोजन गर्नु हुने निर्देशक श्री नारायण प्रसाद पोखेललाई विशेष धन्यवाद ज्ञापन गर्दछु । यसैगरी, यो प्रतिवेदन तयार पार्न संलग्न हुनुहुने आर्थिक विकास शाखाका उप-निर्देशकहरू श्री प्रेम प्रसाद आचार्य र श्री जय नारायण प्रधान, सहायक निर्देशकहरु श्री सविन थापा, श्री प्रतिभा थापा, श्री निरज घिमिरे, श्री बिनोद बजगाँई, श्री रोशन सेढाई, श्री कुशल ढकाल, श्री शिखा पोखेल र कम्प्यूटर अधिकृत श्री राम कुमार थापासमेत धन्यवादका पात्र हुनुहुन्छ ।

**डा. प्रकाश कुमार श्रेष्ठ**
**कार्यकारी निर्देशक**
**आर्थिक अनुसन्धान विभाग**

# विषय-सूची


| | | | पेज नं. |
|---|---|---|---|
| सारांश | | | क |
| परिच्छेद १ | अध्ययन परिचय | | १ |
| परिच्छेद २ | प्रदेशको तुलानात्मक स्थिति | | |
| | २.१ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| | २.२ | अन्तरप्रदेश तुलना | ३ |
| | २.३ | प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ४ |
| परिच्छेद ३ | कृषि क्षेत्र | | |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| | ३.२ | कृषि उत्पादन | ७ |
| | ३.३ | पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | ९ |
| | ३.४ | सिँचाइ | ११ |
| | ३.५ | क्षेत्रगत कृषि कर्जा | १२ |
| | ३.६ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १७ |
| परिच्छेद ४ | उद्योग क्षेत्र | | |
| | ४.१ | उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी | १९ |
| | ४.२ | क्षेत्रगत औद्योगिक कर्जा | २० |
| | ४.३ | औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | २४ |
| परिच्छेद ५ | सेवा क्षेत्र | | |
| | ५.१ | पर्यटन | २५ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २५ |
| | ५.३ | वित्तीय सेवा | २६ |
| | ५.४ | फण्ड ट्रान्सफर | २७ |
| | ५.५ | शिक्षा | २७ |
| | ५.६ | स्वास्थ्य | २८ |
| | ५.७ | यातायात | २८ |
| | ५.८ | सेवा क्षेत्र कर्जा | २८ |
| | ५.९ | सहकारी | २९ |
| | ५.१० | प्रदेश सरकारी वित्त | २९ |
| | ५.११ | स्थानीय तहहरुको बजेट स्थिति | ३० |
| | ५.१२ | सेवा क्षेत्रको चुनौती र सम्भावना | ३२ |
| परिच्छेद ६ | पूर्वाधार र रोजगारी | | |
| | ६.१ | पूर्वाधार क्षेत्र | ३४ |
| | ६.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ३६ |
| | ६.३ | रोजगारी | ३६ |
| | ६.४ | रोजगारीका चुनौती र सम्भावना | ३८ |
| परिच्छेद ७ | आर्थिक परिदृष्य | | |
| | ७.१ | कृषि उत्पादन | ३९ |
| | ७.२ | औद्योगिक उत्पादन | ३९ |
| | ७.३ | सेवा क्षेत्र | ३९ |
| | ७.४ | पूर्वाधार क्षेत्र | ३९ |

# तालिकाहरुको सूची


| | | |
|---|---|---|
| तालिका २.१: | प्रादेशिक आर्थिक परिसूचकहरु | ४ |
| तालिका ३.१: | कृषि उपजले ढाकेको भू–क्षेत्र | ७ |
| तालिका ३.२: | कृषि बालीको उत्पादन | ९ |
| तालिका ३.३: | प्रमुख पशुपन्छीजन्य उत्पादन | १० |
| तालिका ३.४: | जिल्लागत कृषि कर्जा | १२ |
| तालिका ४.१: | बागमती प्रदेशमा २०७९ साउनदेखि २०८० असार मसान्तसम्म दर्ता भएका उद्योगको विवरण | २० |
| तालिका ४.२: | जिल्लागत औद्योगिक कर्जा | २१ |
| तालिका ५.१: | सार्वजनिक निर्माण तथा रियलस्टेट | २६ |
| तालिका ५.२: | बागमती प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जाको शीर्षकगत बक्यौता रकमको विवरण | २७ |
| तालिका ५.३: | जिल्लागत सेवा क्षेत्र कर्जा | २८ |
| तालिका ५.४: | छनौटमा परेका १० सहकारी संस्थाहरूको असार मसान्तसम्मको विवरण | २९ |
| तालिका ५.५: | सरकारी वित्त स्थिति | ३० |
| तालिका ५.६: | बागमती प्रदेशको स्थानिय तहहरुको प्राप्ति खर्च विवरण | ३० |
| तालिका ५.७: | २०७९/८० मा स्थानीय तहमा संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान | ३१ |
| तालिका ६.१: | सडक पूर्वाधार तर्फ आ.व २०७९/८० सम्मको भौतिक प्रगति | ३४ |
| तालिका ६.२: | राष्ट्रिय गौरवका आयोजनाको विवरण | ३४ |
| तालिका ६.३: | जिल्लागत रोजगारीको विवरण | ३७ |
| तालिका ६.४: | जिल्लागत वैदेशिक रोजगारीको विवरण | ३७ |

# चार्टहरुको सूची


| | | |
|---|---|---|
| चार्ट २.१: | प्रादेशिक रुपमा क्षेत्रगत योगदान | ४ |
| चार्ट ३.१: | प्रमुख खाद्यान्न बालीहरूले ढाकेको क्षेत्रफल | ६ |
| चार्ट ३.२: | प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति | ८ |
| चार्ट ३.३: | सिंचाई क्षेत्रमा भएको विस्तार | ११ |
| चार्ट ४.१: | प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग | १९ |
| चार्ट ४.२: | औद्योगिक कर्जा लगानी स्थिति | २१ |
| चार्ट ५.१: | बागमती प्रदेशमा नमुना छनौटमा परेका होटलको अकुपेन्सी | २५ |
| चार्ट ५.२: | बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति | २६ |
| चार्ट ५.३: | निक्षेप तथा कर्जा स्थिति | २६ |
| चार्ट ५.४: | स्थानीय तहहरुको खर्च विवरण | ३१ |
| चार्ट ५.५: | संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान | ३२ |

# सारांश

बागमती प्रदेशमा रहेका १३ वटा जिल्लाहरूको स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाको आधारमा तयार गरिएको आर्थिक वर्ष २०७९/८० को वार्षिक अध्ययन प्रतिवेदनको सार-सङ्क्षेप निम्नानुसार प्रस्तुत गरिएको छ :

## कृषि

१. समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्र २.९ प्रतिशतले घटेको छ भने यस्ता बालीको उत्पादन १.१ प्रतिशतले बढेको छ । प्रमुख खाद्यान्न बालीमध्ये समीक्षा वर्षमा मकै उत्पादन २.७ प्रतिशत, कोदो उत्पादन ६.३ प्रतिशत र फापर उत्पादन ०.४ प्रतिशतले बढेको छ भने धान उत्पादन १.४ प्रतिशत, जौं उत्पादन १३.६ प्रतिशतले घटेको छ । समीक्षा वर्षमा गहुँ उत्पादन भने नगन्य प्रतिशतले घटेको छ ।

२. समीक्षा वर्षमा तरकारी उत्पादन २९ प्रतिशतले बढेको छ । पशुजन्य उत्पादन अन्तर्गत दुध उत्पादन ४.७ प्रतिशत, मासु उत्पादन १३.४ प्रतिशत र अण्डा उत्पादन ७.४ प्रतिशतले घटेको छ ।

३. समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाबाट ४.६ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह भएको छ ।

## उद्योग

४. समीक्षा वर्षमा यस प्रदेशका अध्ययन नमुनामा समेटिएका उद्योगको क्षमता उपयोग औसतमा ४६.७ प्रतिशत रहेको छ । गत वर्षमा यस्ता उद्योगको क्षमता उपयोग औसतमा ४७.४ प्रतिशत रहेको थियो । औद्योगिक उत्पादनमध्ये चाउचाउ उद्योगले सबैभन्दा बढी क्षमता उपयोग गरेको छ भने औषधी उद्योगमध्ये क्याप्सुल उत्पादनमा सबैभन्दा कम क्षमता उपयोग भएको देखिन्छ ।

५. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको औद्योगिक कर्जा कुल प्रवाहित कर्जाको ३४.७ प्रतिशत रहेको छ ।

## सेवा

६. कोभिड-१९ संक्रमणदरमा कमी आएसँगै पर्यटन व्यवसाय विस्तार हुने क्रममा रहेको देखिन्छ । नमुना छनौटमा रहेका होटलहरूको अकुपेन्सी समीक्षा वर्षमा ४५.२ प्रतिशत रहेको छ ।

७. घरजग्गा रजिष्ट्रेशन सङ्ख्या १७.९ प्रतिशतले प्रतिशतले घटेको छ भने रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व २६.२ प्रतिशतले घटेको छ ।

८. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको निक्षेप २०७९ असार मसान्तको तुलनामा २०८० असारमा १०.२ प्रतिशतले र कर्जा प्रवाह ४.९ प्रतिशतले वृद्धि भएको छ । कर्जा-निक्षेप अनुपात औसतमा ७१.१ प्रतिशत रहेको छ ।

९. समीक्षा वर्षमा यस प्रदेशमा यातायात सवारी दर्ताको सङ्ख्या ४३.६ प्रतिशतले घटेको छ ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मौद्रिक नीति तथा विदेशी विनिमय नीतिमार्फत् मूल्य स्थायित्व, वाह्य क्षेत्र स्थायित्व, समग्र वित्तीय क्षेत्र स्थायित्व तथा आर्थिक वृद्धिको लागि साधन सुनिश्चित गर्ने उद्देश्य राखेको छ । उक्त उद्देश्य पूरा गर्न बैंकले समष्टिगत अर्थतन्त्र, आर्थिक, वित्तीय र बाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी अर्थतन्त्रका विभिन्न विषयमा अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यसै क्रममा बैंकले वास्तविक क्षेत्रसँग पनि नियमित रुपमा तथ्याङ्कको संकलन तथा विश्लेषण गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरी प्रकाशन गर्दछ । यस्तो प्रतिवेदन अर्धवार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ । प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०७९/८० को वार्षिक तथ्याङ्कमा (२०७९ साउनदेखि २०८० असार मसान्तसम्मको तथ्याङ्कमा) आधारित रहेको छ ।

विगतमा देशका ५७ जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएकोमा देश संघीय संरचनामा गएपश्चात् प्रतिवेदनलाई संघीय संरचनाअनुरुप प्रकाशन गर्ने उद्देश्यले आर्थिक वर्ष २०७६/७७ देखि देशका ७ वटै प्रदेशका ७७ जिल्लालाई समावेश गरी एकीकृत र प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरु तयार गर्ने गरिएको छ । सोही अनुसार बागमती प्रदेशको आर्थिक गतिविधि अध्ययनमा दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली, मकवानपुर र चितवन गरी १३ जिल्लाहरुको आर्थिक गतिविधिबारे विश्लेषण गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

बागमती प्रदेशका १३ वटै जिल्लाहरु समावेश गरी कृषि, उद्योग, सेवा र पूर्वाधार सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी परिदृश्य प्रतिवेदनमा समावेश गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको क्षेत्रगत हिस्सा, अन्य प्रदेशसँगको तुलनात्मक स्थिति, प्रदेशका महत्वपूर्ण आर्थिक परिसूचकहरु समेत यस प्रतिवेदनमा समावेश गरिएको छ ।

वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्नका लागि आवश्यक पर्ने अधिकांश तथ्याङ्क तथा सूचना स्थलगत भ्रमण गरी संकलन गरिएको छ । कृषिसम्बन्धी तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ । औद्योगिक उत्पादनसम्बन्धी तथ्याङ्क नमूना छनौटमा परेका उद्योगबाट स्थलगत भ्रमण गरी संकलन गरिएको छ भने बैंकिङ्ग तथ्याङ्क बैंक तथा वित्तीय संस्थाबाट संकलन गरिएको छ ।

त्यसैगरी, पर्यटनसँग सम्बन्धित तथ्याङ्क होटल व्यवसायी संघ एवं नमूना छनौटमा परेका होटलहरुबाट, घरजग्गा नक्शापास तथ्याङ्क नगरपालिकाबाट, पूर्वाधारसम्बन्धी तथ्याङ्क अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा पूर्वाधार विकास कार्यालयहरुबाट संकलन गरिएको छ । तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, वेवसाइट, तथा टेलिफोनलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

देशमा संघीयता कार्यान्वयनमा आइसकेपश्चात् तथ्याङ्क उपलब्ध गराउने कार्यालयहरुको पुनर्संरचना भएकोले तथ्याङ्क संगठित तथा व्यवस्थित गर्ने कार्यमा पूर्णता आइसकेको छैन । कृषि उत्पादन, शिक्षा, स्वास्थ्य र पूर्वाधार लगायतका कतिपय विवरणहरुमा समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन । कतिपय निजी उद्योग तथा प्रतिष्ठानहरुले तथ्याङ्क उपलब्ध गराउन हिच्किचाउने, समयमा नै उपलब्ध नगराउने र अपूर्ण तथ्याङ्क दिने गरेकोले यथार्थ आर्थिक स्थितिको चित्रण गर्न कठिनाई हुने गरेको स्थिति छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनमा ७ वटा परिच्छेद रहेका छन् । परिच्छेद-१ मा अध्ययन प्रतिवेदनको पृष्ठभूमि, तर्जुमा विधि र सीमा सहितको परिचय प्रस्तुत गरिएको छ । परिच्छेद-२ मा प्रदेशको तुलनात्मक स्थिति प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद-३ मा कृषि क्षेत्र, परिच्छेद-४ मा उद्योग क्षेत्र, परिच्छेद-५ मा सेवा क्षेत्र र परिच्छेद-६ मा पूर्वाधार र रोजगारी क्षेत्रको विवरण समावेश गरिएको छ भने परिच्छेद-७ मा आर्थिक परिदृष्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २ : प्रदेशको तुलनात्मक स्थिति

नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.५३ खर्ब ८१ अर्ब पुग्ने अनुमान गरेको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.१२ प्रतिशत, १३.४५ प्रतिशत र ६२.४३ प्रतिशत रहने अनुमान छ । अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान घट्दै गएको देखिन्छ भने सेवा क्षेत्रको योगदान बढ्दै गएको देखिन्छ। उद्योग क्षेत्रको योगदान भने विगत १० वर्षमा स्थिर प्रायः रहेको देखिन्छ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा बागमती प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० मा बागमती प्रदेशको आर्थिक वृद्धिदर १.४४ प्रतिशत रहने अनुमान छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.१९ खर्ब ८१ अर्ब ३३ करोड पुग्ने अनुमान छ। समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ११.२१ प्रतिशत, ११.४२ प्रतिशत र ७७.३८ प्रतिशत रहने अनुमान छ। कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार समीक्षा वर्षमा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा बागमती प्रदेशको अंश क्रमशः १७.१३ प्रतिशत, ३१.२९ प्रतिशत र ४५.६९ प्रतिशत रहने अनुमान छ। बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनमध्ये थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर साइकल मर्मत सेवाको अंश सबैभन्दा बढी (२३.५९ प्रतिशत) रहेको छ। रियल स्टेट क्रियाकलापको अंश १५.२४ प्रतिशत, वित्तीय तथा बीमा क्रियाकलापको अंश १२.१० प्रतिशत, कृषि, वन तथा मत्स्यपालनको अंश ११.२१ प्रतिशत, यातायात तथा भण्डारण ८.७० प्रतिशत तथा उत्पादनमुलक उद्योगको अंश ५.१६ प्रतिशत रहेको छ।

## २.२ अन्तरप्रदेश तुलना


राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०७९/८० मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.८६ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.१० प्रतिशत) रहेको छ। यस प्रदेशको जनसंख्या अन्य प्रदेशभन्दा बढी रहेको, संघीय राजधानी यसै प्रदेशमा रहेको, अधिकांश उद्योगहरु यसै प्रदेशमा रहेको जस्ता कारणले अन्य प्रदेशभन्दा यस प्रदेशको हिस्सा कुल गार्हस्थ्य उत्पादनमा अधिक रहने गरेको छ। प्रदेशगत रुपमा तुलना गर्दा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा कृषिमा योगदान बागमती प्रदेशको सबैभन्दा कम (११.२१ प्रतिशत) रहेको छ भने मधेश सबैभन्दा बढी (३५.२० प्रतिशत) रहेको छ। यसैगरी, सेवा क्षेत्रमा सबैभन्दा बढी योगदान बागमती प्रदेशको (७७.३८ प्रतिशत) र सबैभन्दा कम कोशी प्रदेशको (४९.९५ प्रतिशत) रहेको छ (चार्ट २.१)। वृहत आर्थिक वर्गीकरण अनुसार कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै (२१.७० प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (५.२५ प्रतिशत) रहेको छ। उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (३१.२९ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.१४ प्रतिशत) रहेको छ। यसैगरी, सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (४५.६९ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.८८ प्रतिशत) रहेको छ (तालिका २.१)।

**तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरु**
**(आर्थिक वर्ष २०७९/८०)**

| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ८४९.६५ | ७०७.५१ | १९८१.३३ | ४८२.०१ | ७६२.९७ | २२१.५३ | ३७६.३३ | ५३८१.३४ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.८ | १३.१ | ३६.९ | ९.० | १४.२ | ४.१ | ७.० | १००.० |
| आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) (प्रतिशत) | २.०० | १.६९ | १.४४ | ३.२६ | २.०६ | १.९१ | १.७८ | १.८६ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.७० | १९.१२ | १७.१३ | ९.६३ | १७.४९ | ५.२५ | ९.६८ | १०० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.८३ | ११.१५ | ३१.२९ | १२.०९ | १५.५० | ३.१४ | ७.०० | १००.०० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.६३ | ११.२० | ४५.६९ | ८.०६ | १२.६१ | ३.८८ | ५.९३ | १००.०० |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

**चार्ट २.१: आ.व. २०७९/८० को प्रादेशिक रुपमा क्षेत्रगत योगदान (प्रतिशतमा)**




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### प्रादेशिक क्षमता र सम्भावना

- बागमती प्रदेश सरकारले २०२४ लाई बागमती प्रदेश भ्रमण वर्षको रुपमा घोषणा गरेकाले होटल, रेष्टुरेन्ट, यातायात लगायतका पर्यटनजन्य व्यवसायको विस्तार हुने सम्भावना रहेको छ। प्राकृतिक, साँस्कृतिक एवम् धार्मिक दृष्टिकोणले महत्वपूर्ण पर्यटकीय गन्तव्यहरु रहेको विश्व सम्पदा सूचीमा परेका क्षेत्र तथा स्थल यही प्रदेशमा रहेको तथा लाङटाङ्ग राष्ट्रिय निकुञ्ज, शिवपुरी नागर्जुन राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज, पुरातात्विक महत्वको सिन्धुलीगढी किल्ला, रमणीय तालतलैया, झरना, गुफा एवम् तेह्र वटा जिल्लाको पृथक चाडपर्व, कला संस्कृति झल्कने हुँदा यी स्थलहरुको विकास गरी समग्र पर्यटन क्षेत्रलाई प्रादेशिक अर्थतन्त्रको एक महत्वपूर्ण आधार बनाउन सकिने सम्भावना रहेको छ ।

- प्रदेशको हावापानी अनुसार उच्च हिमाली क्षेत्रमा पशुपालन, मध्यपहाडी क्षेत्रमा फलफूल खेती र सिन्धुली, मकवानपुर र चितवन जस्ता भित्री मधेसहरु कृषि र औद्योगिक कार्यको लागि उपयुक्त हुने देखिन्छ । व्यवसायिक कृषि तथा पशुपालनको लागि उपयुक्त हावापानी तथा भौगोलिक बनावट भएकोले यस प्रदेशमा तरकारी तथा फलफूल उत्पादन लगायत ट्राउट माछापालनको उच्च सम्भावना रहेको छ ।
- नेपाल आउने अधिकांश पर्यटक हवाईमार्गवाट आउने र त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थल बागमती प्रदेशमा रहेकाले अन्य प्रदेशमा पनि आउने पर्यटकहरुलाई पूर्वाधार, होटल तथा रेष्टुरेन्ट लगायतका पर्यटनजन्य व्यवसायहरु विस्तार गर्न सके पर्यटक भित्र्याउन र बसाई लम्ब्याउन सकिने देखिन्छ । साथै, प्रदेश भित्र केबुलकार, जीपलाइन, बन्जीजम्पहरुको प्रचार प्रसार गरेर पर्यटकहरुको संख्या बढाउन र बसाई लम्बाउन सकिने सम्भावना छ ।
- प्रदेशका प्रमुख शहरहरुमा विद्युतीय सवारी साधनको प्रयोग बढेको सन्दर्भमा शहरभित्र, राजमार्ग तथा प्रमुख लोकमार्गमा चार्जिङ स्टेसन तथा रिफ्रेसिङ सेन्टर स्थापनाको सम्भावना रहेको छ ।
- भारत तथा बंगलादेशतर्फ बिजुली व्यापारको सम्भावनाका साथै चीनतर्फ पनि रसुवागढी-केरुङ प्रसारण लाइन निर्माण गरी बिजुली निर्यात गर्ने सम्भावना रहेको छ । यसै सम्भावनालाई अध्ययन गरी नेपाल र चीनबीच २२० केभी क्षमताको प्रसारण लाइन निर्माणका लागि समझदारी भएकाले चीन तर्फ विद्युत निर्यातको सम्भावना बढेको ।
- रामेछाप र सिन्धुली जिल्लामा भौगोलिक अवस्था र हावापानी जुनार खेतीको लागि उपर्युक्त रहेकोले व्यावसायिक रुपमा खेती गर्न सकिने सम्भावना रहेको छ ।

## प्रादेशिक चुनौती

- यस प्रदेशमा सम्भाव्यता अध्ययन भएका बल्खु-हेटौंडा, टोखा-छहरे, खुर्कोट-चियाबारी लगायतका सुरुङमार्गलाई पर्याप्त बजेट विनियोजन गरी निमार्ण कार्य अगाडि बढाउनु ।
- यस प्रदेशका भरतपुर, ललितपुर, काभ्रे लगायतका क्षेत्रमा पुष्प खेतीको राम्रो सम्भावना भएको तर पुष्प खेतीको परामर्श तथा रोग नियन्त्रणका लागि विषेशज्ञको अभाव रहेकोले स्थानीय तह र कृषि ज्ञान केन्द्रको समन्वयमा प्राविधिक तालिम तथा विज्ञ उपलब्ध गराउनुका साथै उत्पादित पुष्पको बजार व्यवस्थित गर्नु ।
- लम्पी स्किनका कारण मृत्यु भएका बिमित पशु चौपायाको बिमा रकम अधिकांश कृषकले भुक्तानी पाउन नसकेको साथै बीमा नवीकरण पनि नभएकोले कृषि बीमाको सही कार्यान्वयन गराउनु ।
- काठमाडौं उपत्यका, चितवन लगायतका बढी जनघनत्व भएको ठाउँमा डेन्गु, फ्लु, कन्जन्टिभाइटिस लगायतका सरुवा रोगहरु छिटै फैलिने भएकोले वातावरणीय सरसफाईमा विशेष ध्यान दिने तथा रोगलाई शिघ्र नियन्त्रण गर्ने संयन्त्रको विकास गर्नु ।
- शहरी क्षेत्रमा तरकारी, औषधी, खाद्यान्न, मासु लगायतका उपभोग्य सामाग्रीको गुणस्तर तथा मूल्यको निरन्तर अनुगमन तथा नियमन गरी कृतिम अभाव, मिसावट, कालोबजारीलाई नियन्त्रण गरी उपभोक्ताको हित संरक्षण गर्नु ।
- बिजुली व्यापार विस्तार गर्न प्रसारणलाइनका लागि समझदारी भए पनि त्रिशुली र यसका सहायक नदीमा निर्माण भएका, निर्माणमा जाने तयारीमा रहेका र अध्ययन भइरहेका आयोजनावाट उत्पादित बिजुली चीनतर्फ रसुवागढी-केरुङ प्रसारणलाइनबाट निर्यात गर्न सकिने सम्भाव्यता भएपनि अन्य स्थानको निर्यातमा चुनौती रहेको ।
- रामेछाप र सिन्धुली जिल्लामा जुनार खेतीको व्यावसायिक रुपमा गर्न सकिने सम्भावना रहेको भएतापनि बाटो साँघुरो र राम्रो अवस्थामा नहुँदा उत्पादित जुनारको लागि बजारको सुनिश्चितता गर्नु चुनौतीपूर्ण रहेको ।


# परिच्छेद ३: कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

**खाद्य तथा अन्यबाली :** आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल २.९ प्रतिशतले घटेको छ भने गत वर्ष यस्तो क्षेत्रफल २.५ प्रतिशतले बढेको थियो ।

समीक्षा वर्षमा कोदो बालीले ढाकेको क्षेत्रफल ४.६ प्रतिशतले बढेको छ भने धान बालीले ढाकेको क्षेत्रफल ३.३ प्रतिशत, मकै बालीले ढाकेको क्षेत्रफल ४.१ प्रतिशत, गहुँ बालीले ढाकेको क्षेत्रफल ०.४ प्रतिशत, जौं बालीले ढाकेको क्षेत्रफल ८.२ प्रतिशत, फापर बालीले ढाकेको क्षेत्रफल ०.५ प्रतिशत, उखु बालीले ढाकेको क्षेत्रफल १.९ प्रतिशत, भटमास बालीले ढाकेको क्षेत्रफल १.० प्रतिशत, आलु बालीले ढाकेको क्षेत्रफल ०.१ प्रतिशत, दलहन बालीले ढाकेको क्षेत्रफल ०.१ प्रतिशत र तेलहन बालीले ढाकेको क्षेत्रफल ४.४ प्रतिशतले घटेको छ ।

**चार्ट ३.१ : प्रमुख खाद्यान्न बालीहरूले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)**




*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय ।*

**तरकारी :** समीक्षा वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफल ०.३ प्रतिशतले घटेको छ । गत वर्ष यस्तो क्षेत्रफल ४.८ प्रतिशतले बढेको थियो ।

**फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल बालीले ढाकेको क्षेत्रफल १.९ प्रतिशतले घटेको छ भने मसला बालीले ढाकेको क्षेत्रफल १०.० प्रतिशतले बढेको छ । गत वर्षमा फलफूल बालीले ढाकेको क्षेत्रफल २.६ प्रतिशतले बढेको थियो भने मसला बालीले ढाकेको क्षेत्रफल २.३ प्रतिशतले बढेको थियो ।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू–क्षेत्र**

| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| दोलखा | २३०१२ | १९२३ | ५०३ | ७८८ | ४.१ | ३.४ | २.३ | ९.७ |
| सिन्धुपाल्चोक | ६६६१७ | ३९२५ | १०५३ | १२८४ | ११.९ | ६.९ | ४.८ | १५.८ |
| रसुवा | १०७१७ | १६५९ | ४८८ | ३५० | १.९ | २.९ | २.२ | ४.३ |
| धादिङ्ग | ४८४४० | ७१५० | १९७२ | ४५० | ८.७ | १२.६ | ९.० | ५.५ |
| नुवाकोट | ५११५४ | ५४९७ | १५११ | ८०४ | ९.१ | ९.७ | ६.९ | ९.९ |
| काठमाडौं | १६७०५ | ३२७६ | ६७२ | १०० | ३.० | ५.८ | ३.१ | १.२ |
| भक्तपुर | १०८११ | २८६३ | २०२ | १७९ | १.९ | ५.० | ०.९ | २.२ |
| ललितपुर | २१५१९ | ३४९७ | ५१२ | २६२ | ३.८ | ६.१ | २.३ | ३.२ |
| काभ्रेपलाञ्चोक | ५८८८८ | १०७८५ | ३०१३ | ० | १०.५ | १८.९ | १३.८ | ०.० |
| रामेछाप | ४५१४० | १११२ | १८७६ | ३८२ | ८.१ | २.० | ८.६ | ४.७ |
| सिन्धुली | ७३३१५ | ३४२९ | ६३८५ | १४९३ | १३.१ | ६.० | २९.२ | १८.४ |
| मकवानपुर | ४९२०० | ४२३० | ८१२ | ६०१ | ८.८ | ७.४ | ३.७ | ७.४ |
| चितवन | ८१८६६ | ७६०९ | २८७२ | १४२० | १५.० | १३.४ | १३.१ | १७.५ |
| **जम्मा** | **५५७३८३** | **५६९५५** | **२१८७१** | **८११३** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय ।*

खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (१५.० प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (१.९ प्रतिशत) रहेको छ (तालिका ३.१)। तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी (१८.९ प्रतिशत) र रामेछाप जिल्लाको हिस्सा सबैभन्दा कम (२.० प्रतिशत) रहेको छ। फलफूलले ढाकेको क्षेत्रफलमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी (२९.२ प्रतिशत) र भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम (०.९ प्रतिशत) रहेको छ। यसैगरी, मसला बालीले ढाकेको क्षेत्रफलमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी (१८.४ प्रतिशत) र काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा नगन्य रहेको छ।

## ३.२ कृषि उत्पादन

समीक्षा वर्षमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन ८.० प्रतिशतले बढेको छ भने खाद्य तथा अन्य बालीको उत्पादन १.१ प्रतिशतले बढेको छ। गतवर्ष समग्र कृषि बालीको उत्पादन १.५ प्रतिशतले बढेको थियो। साथै, खाद्य तथा अन्य बालीको उत्पादन पनि ०.१ प्रतिशतले घटेको थियो।


**खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा मकै उत्पादन २.७ प्रतिशत, कोदो उत्पादन ६.३ प्रतिशत, फापर उत्पादन ०.४ प्रतिशत, आलु उत्पादन १.८ प्रतिशत र तेलहन बालीको उत्पादन ०.९ प्रतिशतले वृद्धि भएको छ भने धान उत्पादन १.४ प्रतिशत, जौ उत्पादन १३.६ प्रतिशत, उखु उत्पादन ०.६ प्रतिशत, भटमास उत्पादन ०.६ प्रतिशत र दलहन बालीको उत्पादन १०.१ प्रतिशतले घटेको छ। समीक्षा वर्षमा गहुँ उत्पादनमा नगन्य मात्रामा कमी आएको छ।

गत वर्ष गहुँ उत्पादन ६.९ प्रतिशत, कोदो उत्पादन ०.१ प्रतिशत, जौ उत्पादन ४.१ प्रतिशत, फापर उत्पादन १५.० प्रतिशत, भटमास उत्पादन ५.७ प्रतिशत, दलहन बालीको उत्पादन ०.७ प्रतिशत र तेलहन बालीको

उत्पादन १०.६ प्रतिशतले बृद्धि भएको थियो भने धान उत्पादन ०.४ प्रतिशत, मकै उत्पादन १.७ प्रतिशत, आलु उत्पादन ०.५ प्रतिशत, उखु उत्पादन ६.३ प्रतिशतले घटेको थियो ।

आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशमा भएको खाद्य तथा अन्य बालीको उत्पादनमा आलु उत्पादनको हिस्सा ३२.० प्रतिशत, मकै उत्पादनको हिस्सा ३१.१ प्रतिशत र धान उत्पादनको हिस्सा २२.४ प्रतिशत रहेको छ ।

**चार्ट ३.२ : प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति (हजार मे.टनमा)**




*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय ।*

**तरकारी :** समीक्षा वर्षमा तरकारीको उत्पादन २९ प्रतिशतले बढेको छ (चार्ट ३.२) । गत वर्षको सोही अवधिमा तरकारी उत्पादन ७.१ प्रतिशतले बढेको थियो ।

**फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूलको उत्पादन ५.१ प्रतिशतले बढेको छ । स्याउको उत्पादन ९.० प्रतिशतले र केराको उत्पादन २४.४ प्रतिशतले बढेको छ । आँपको उत्पादन क्रमश: १.८ प्रतिशतले घटेको छ भने सुन्तलाको उत्पादन नगन्य मात्रामा घटेको छ । गत वर्ष फलफूलको उत्पादन २.१ प्रतिशतले घटेको थियो । स्याउको उत्पादन ८.६ प्रतिशत, केराको उत्पादन ३.५ प्रतिशत, आँपको उत्पादन ७.७ प्रतिशत, सुन्तलाको उत्पादन ०.७ प्रतिशतले घटेको थियो ।

समीक्षा वर्षमा मसलाको उत्पादन २.७ प्रतिशत, कफीको उत्पादन २१.४ प्रतिशत र महको उत्पादन ४.६ प्रतिशतले बढेको छ भने चिया उत्पादनमा खासै परिवर्तन भएको छैन । गतवर्ष मसलाको उत्पादन २.४ प्रतिशत, कफी उत्पादन १०.० प्रतिशत, चिया उत्पादन २.५ प्रतिशत र महको उत्पादन ११.६ प्रतिशतले बढेको थियो ।

आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशमा कुल फलफूलको उत्पादनमा केराको हिस्सा ३१.२ प्रतिशत, सुन्तलाको हिस्सा २४.३ प्रतिशत, आँपको हिस्सा ७.२ प्रतिशत र अन्य उत्पादनको हिस्सा ३६.८ प्रतिशत रहेको छ । यसैगरी, कुल कृषि उत्पादनमा मसलाको हिस्सा २.१ प्रतिशत रहको छ भने मह उत्पादनको हिस्सा ०.२ प्रतिशत रहेको छ ।

खाद्य तथा अन्य बालीको उत्पादनमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी १५.७ प्रतिशत र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम २.५ प्रतिशत रहेको छ । तरकारी तथा बागवानी उत्पादनमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी १७.६ प्रतिशत र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम १.२ प्रतिशत रहेको छ । फलफूल उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी २८.८ प्रतिशत रहेको छ भने भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम ०.६ प्रतिशत रहेको छ । त्यसैगरी, मसला उत्पादनमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी २३.५ प्रतिशत रहेको छ भने काठमाडौं जिल्लाको हिस्सा सबैभन्दा कम १.४ प्रतिशत रहेको छ (तालिका ३.२) ।

**तालिका ३.२: कृषि बालीको उत्पादन**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| दोलखा | ९९३१७ | २६१५३ | ४०८१ | १२६६ | ४.४ | २.६ | २.० | १.७ |
| सिन्धुपाल्चोक | २१०२०० | ४६९७८ | ६७३८ | १०२३८ | ९.४ | ४.६ | ३.२ | १३.५ |
| रसुवा | ५६७७१ | ११९२१ | २७१६ | ३०९५ | २.५ | १.२ | १.३ | ४.१ |
| धादिङ्ग | १६६७०५ | ८४७०० | १८११३ | ४०१५ | ७.५ | ८.३ | ८.७ | ५.३ |
| नुवाकोट | २३४१८४ | ५९५३८ | १०१४४ | ६१९६ | १०.५ | ५.८ | ४.९ | ८.२ |
| काठमाडौं | ७७७९५ | १३३६६१ | ४९११ | १०६४ | ३.५ | १३.१ | २.४ | १.४ |
| भक्तपुर | ६१७४३ | ११८८१५ | १२०० | ४१०२ | २.८ | ११.६ | ०.६ | ५.४ |
| ललितपुर | ८८७६९ | १३३०९६ | ४६८३ | २८७८ | ४.० | १३.० | २.२ | ३.८ |
| काभ्रेपलाञ्चोक | ३५१८२७ | १८०२१७ | १५७३१ | ९५६१ | १५.७ | १७.६ | ७.६ | १२.६ |
| रामेछाप | १५६६७५ | १२६५४ | २०७२६ | ३३१९ | ७.० | १.२ | १०.० | ४.४ |
| सिन्धुली | २००१५० | ३१६७६ | ५३८४२ | १७७६५ | ९.० | ३.१ | २५.९ | २३.४ |
| मकवानपुर | २२७५४९ | ८०३७० | ५३७२ | ८२०५ | १०.२ | ७.९ | २.६ | १०.८ |
| चितवन | ३०३७५१ | १०२९१० | ५९९५० | ४३०१ | १३.६ | १०.१ | २८.८ | ५.७ |
| **जम्मा** | २२३५४३५ | १०२२६८८ | २०८२०७ | ७६००५ | १००.० | १००.० | १००.० | १००.० |

*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय ।*

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**पशुपन्छी उत्पादन :** समीक्षा वर्षमा छाला उत्पादन १.५ प्रतिशतले बढेको छ भने दुध उत्पादन ४.७ प्रतिशत, मासु उत्पादन १३.४ प्रतिशत, अण्डा उत्पादन ७.४ प्रतिशत र ऊन उत्पादन ८.६ प्रतिशतले घटेको छ । गत वर्ष दुध उत्पादन ४.७ प्रतिशत, मासु उत्पादन ८.५ प्रतिशत, छाला उत्पादन २.४ प्रतिशतले बढेको थियो भने ऊन उत्पादन ९.९ प्रतिशतले घटेको थियो ।

**माछा उत्पादन :** समीक्षा वर्षमा माछा उत्पादन १.७ प्रतिशतले घटेको छ । गत वर्ष माछा उत्पादन ५ प्रतिशतले बढेको थियो ।

**वनजन्य उत्पादन :** समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन ७.२ प्रतिशत र दाउरा उत्पादन १४.१ प्रतिशतले बढेको छ । गत वर्ष काठ र दाउरा उत्पादन क्रमश: २२.७ प्रतिशत र २८.८ प्रतिशतले बढेको थियो ।

समीक्षा वर्षमा काभ्रेपलाञ्चोक जिल्लामा सबैभन्दा बढी (२०.८ प्रतिशत) दुध उत्पादन भएको छ भने सबैभन्दा कम (०.२ प्रतिशत) दुध उत्पादन रसुवा जिल्लामा भएको छ । मासु उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (१७.७ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (१.० प्रतिशत) रहेको छ । अण्डा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (४८.२ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.१ प्रतिशत) रहेको छ । यसैगरी, माछा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (७९.२ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.० प्रतिशत) रहेको छ (तालिका ३.३) ।

**तालिका ३.३ : प्रमुख पशुपन्छीजन्य उत्पादन**


| जिल्ला | उत्पादन | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दुध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछापालन (मे.टन) | दुध | मासु | अण्डा | माछापालन |
| दोलखा | २३७०४ | ५१४१ | ८६५७ | २ | ३.४ | ५.१ | १.३ | ०.० |
| सिन्धुपाल्चोक | २३६९८ | ५४५८ | ५३२९ | २१ | ३.४ | ५.४ | ०.८ | ०.४ |
| रसुवा | १६७६ | ९६२ | ६३० | १ | ०.२ | १.० | ०.१ | ०.० |
| धादिङ्ग | ४२६४४ | १२५३४ | ४७५१८ | ६७ | ६.० | १२.४ | ६.९ | १.१ |
| नुवाकोट | ३७४८१ | ९१२० | ८४९९ | ३० | ५.३ | ९.० | १.२ | ०.५ |
| काठमाडौं | ८१४६९ | १८२८ | ६१२६५ | ६३ | ११.६ | १.८ | ८.९ | १.१ |
| भक्तपुर | २२५९९ | १८९८ | १०९४५ | ९४ | ३.२ | १.९ | १.६ | १.६ |
| ललितपुर | ८५८८७ | २४९० | १०३१७५ | ७४ | १२.२ | २.५ | १४.९ | १.३ |
| काभ्रेपलाञ्चोक | १४७०३० | १२८२५ | ३००७० | ९५ | २०.८ | १२.७ | ४.४ | १.६ |
| रामेछाप | ३६९३४ | ७५२६ | २४०१५ | २७ | ५.२ | ७.४ | ३.५ | ०.५ |
| सिन्धुली | ५१२३४ | १०९६६ | २३३३८ | ४३८.४ | ७.३ | १०.८ | ३.४ | ७.५ |
| मकवानपुर | ५२७०० | १२४७० | ३४३६० | ३०५ | ७.५ | १२.३ | ५.० | ५.२ |
| चितवन | ९८१४३ | १७९३८ | ३३२८१५ | ४६३८ | १३.९ | १७.७ | ४८.२ | ७९.२ |
| **जम्मा** | **७०५१९९.९** | **१०११५५** | **६९०६१५** | **५८५६** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू ।*


## बक्स १: राष्ट्रिय कृषिगणना २०७८

विक्रम सम्बत २०१८ सालबाट सुरु भएको राष्ट्रिय कृषिगणना प्रत्येक दश/दश वर्षको अन्तरालमा गर्ने गरिन्छ । देशका ७५३ वटै स्थानीय तहहरुको कृषि तथ्याङ्क संकलन गरी वि.सं.२०७८ सालमा सातौं कृषिगणना सम्पन्न भएको छ । कृषक परिवारले भोग गरेको जग्गा क्षेत्रफल, जग्गाको उपभोग र उपयोग, बाली लागेको क्षेत्रफल, सिंचाइको विवरण, कृषि सामाग्री र औजारको उपयोग, पशुपन्छीको संख्या, कृषिमा संलग्न जनशक्ति, लिङ्ग अनुसार कृषि जग्गाको स्वामित्वको अवस्था जस्ता तथ्याङ्कहरु कृषिगणनामा संकलन गर्ने गरिन्छ । वि.सं. २०६८ मा भएको र २०७८ मा सम्पन्न राष्ट्रिय कृषि गणनाको विवरण तपसिल बमोजिम रहेको छ ।

**चार्ट १: कृषक परिवार संख्या र अन्तर्गतको क्षेत्रफल (हजारमा)**




**चार्ट २: जग्गाको उपभोग अनुसार कृषक परिवार संख्या (हजारमा)**



वि.सं.२०६८ सालको कृषिगणनाको तुलनामा वि.सं.२०७८ सालको कृषिगणनामा कृषक परिवार संख्या बढेको छ भने कृषक परिवारले कृषिकार्य गर्ने जग्गा घटेको छ। पहिलो कृषि गणना यताको प्रवृत्ति हेर्दा कृषिचलनको जग्गाको आकार (Holding Size) एकपछि अर्को गणनामा घट्दै गएको देखिन्छ। बाली सघनताको प्रवृत्ति हेर्दा सघनतादर लगातार बढ्दै गएको देखिन्छ। वि.स.२०६८ सालको कृषिगणनामा १.८५ रहेको सघनतादर २०७८ को कृषिगणनामा १.९१ रहेको छ।

२०७८ सालको कृषिगणना अनुसार देशको कुल जनसंख्यामध्ये ७९ प्रतिशत जनसंख्याको मुख्य पेशा कृषि रहेको छ। मुख्य पेशा कृषि हुने जनसंख्या २०६८ सालको कृषिगणनामा ८१ प्रतिशत थियो। कृषिगणना २०७८ अनुसार कुल कृषक परिवारको १२ प्रतिशतले कृषिकार्यका लागि ऋण लिएका छन्, ४ प्रतिशतले कृषि क्रियाकलापको बीमा गरेका छन् भने ७ प्रतिशतले कृषिकार्यका लागि सरकारी अनुदान प्राप्त गरेका छन्।

यस कृषिगणनामा कुल कृषक परिवारमध्ये आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले वर्षभरी परिवारलाई खान पुग्ने कृषिमा निर्भर कृषक परिवार ४५ प्रतिशत छन् भने वर्षभरी परिवारलाई खान नपुग्ने कृषक परिवार ५५ प्रतिशत रहेका छन्। विगतको कृषिगणनाको तुलनामा कृषिकार्यमा कृषि औजार प्रयोग गर्ने प्रवृत्ति अर्थात् कृषि यान्त्रिकीकरण बढ्दै गएको छ। पछिल्लो समय कृषकहरुले सहायक कृषि क्रियाकलापमा पनि रुची बढाएका छन्। २०७८ सालको कृषिगणनामा माछापालन, च्याउखेती, मौरीपालन, पुष्पखेती, नर्सरीखेती जस्ता सहायक कृषि क्रियाकलापमा उल्लेख्य वृद्धि भएको छ।


बागमती प्रदेशमा कृषक परिवार (खेती गर्ने र पशुपन्छी पाल्ने) संख्या ६ लाख ६८ हजार रहेको छ। यस प्रदेशमा २ लाख ८२ हजार हेक्टर क्षेत्रफलमा कृषि गरिएको छ। बागमती प्रदेशका कृषकहरु अन्नबालीमा क्रमशः मकै, धान र गहुँ खेती तर्फ आकर्षित रहेका छन्। यस प्रदेशको खेतीयोग्य जमिनमा कृषकहरुले सबैभन्दा धेरै मकै खेती लगाउने गरेका छन् भने सबैभन्दा धेरै उत्पादन पनि मकैको नै हुने गरेको छ।

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०*

## ३.४ सिंचाई

समीक्षा वर्षमा यस प्रदेशको कुल खेती गरिएको (३ लाख ८९ हजार ६ सय १६ हेक्टर) क्षेत्रफलमध्ये १ लाख २३ हजार ९ सय ७१ हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा पुगेको छ। जुन कुल खेती गरिएको क्षेत्रफलको ३१.८ प्रतिशत हो।

**चार्ट ३.३ : सिंचाई क्षेत्रमा भएको विस्तार (हेक्टरमा)**




*स्रोत: जिल्लास्थित जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय।*

समीक्षा वर्षमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल ३.७ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष सञ्चित क्षेत्रफल ३.३ प्रतिशतले वृद्धि भएको थियो । कुलोद्वारा सिञ्चित क्षेत्रफल ४.९ प्रतिशत, नहरद्वारा सिञ्चित क्षेत्रफल ३०.० प्रतिशत, पोखरीद्वारा सिञ्चित क्षेत्रफल १०.८ प्रतिशत र थोपाद्वारा सिञ्चित क्षेत्रफल ४.७ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष कुलोद्वारा सिञ्चित क्षेत्रफल ३.६ प्रतिशत, नहरद्वारा सिञ्चित क्षेत्रफल ३७.५ प्रतिशत, पोखरीद्वारा सिञ्चित क्षेत्रफल ५.० प्रतिशत र थोपाद्वारा सिञ्चित क्षेत्रफल ३.३ प्रतिशतले बढेको थियो ।

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०८० असार मसान्तसम्म यस प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रमा प्रवाहित कर्जा १६.९ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २६ अर्ब पुगेको छ । गत वर्ष यस्तो कर्जा ८.३ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले कुल कर्जाको ४.६ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गरेका छन् ।

कृषि क्षेत्रमा प्रवाहित कर्जामा काठमाडौं जिल्लाको हिस्सा ४५.४ प्रतिशत, चितवन जिल्लाको हिस्सा २६.९ प्रतिशत, मकवानपुर जिल्लाको हिस्सा ५.७ प्रतिशत, काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा ४.७ प्रतिशत, धादिङ जिल्लाको हिस्सा ३.५ प्रतिशत, नुवाकोट जिल्लाको हिस्सा ३.३ प्रतिशत, ललितपुर जिल्लाको हिस्सा ३.३ प्रतिशत, भक्तपुर जिल्लाको हिस्सा २.४ प्रतिशत, सिन्धुली जिल्लाको हिस्सा २.० प्रतिशत, सिन्धुपाल्चोक जिल्लाको हिस्सा १.० प्रतिशत, रामेछाप जिल्लाको हिस्सा ०.७ प्रतिशत, दोलखा जिल्लाको हिस्सा ०.६ प्रतिशत, र रसुवा जिल्लाको हिस्सा ०.५ प्रतिशत रहेको छ (तालिका ३.४) । जिल्लागत कृषि कर्जाको अवस्था हेर्दा काठमाडौं र चितवनमा अधिकेन्द्रित भएको देखिन्छ । यसो हुनका पछाडि अधिकांश बैंक तथा वित्तीय संस्थाहरुका केन्द्रीय कार्यालयहरुबाट कर्जा स्वीकृत हुने र ती कार्यालयहरु काठमाडौं जिल्लामा हुनुका कारण सो जिल्लाको उक्त शीर्षकमा हिस्सा बढी हुने गरेको बुझिन्छ ।

**तालिका ३.४ : जिल्लागत कृषि कर्जा**

| जिल्ला | कृषि कर्जा (रु दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ७६०.२३ | ०.६ |
| सिन्धुपाल्चोक | १२८३.१० | १.० |
| रसुवा | ६८२.८० | ०.५ |
| धादिङ्ग | ४४७३.६१ | ३.५ |
| नुवाकोट | ४१५४.३२ | ३.३ |
| काठमाडौं | ५७५२६.४६ | ४५.४ |
| भक्तपुर | ३०९७.०० | २.४ |
| ललितपुर | ४११९.९२ | ३.३ |
| काभ्रेपलाञ्चोक | ५९६१.८८ | ४.७ |
| रामेछाप | ८३७.४६ | ०.७ |
| सिन्धुली | २४८१.०९ | २.० |
| मकवानपुर | ७२२९.७८ | ५.७ |
| चितवन | ३४१०६.३१ | २६.९ |
| **जम्मा** | **१२६७१३.९७** | **१००.०** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## बक्स २: रामेछापको मन्थलीमा गाई फर्म

बागमती प्रदेश अन्तर्गत पर्ने रामेछाप जिल्ला देशको संघीय राजधानी काठमाडौंबाट १४४ कि.मि .दक्षिणपूर्वमा रहेको छ । हलो आकारको जिल्लाको रुपमा परिचित उक्त जिल्ला पहाडी भू-भागमा अवस्थित छ । यस जिल्लाको कुल क्षेत्रफल १,५४६ वर्ग कि.मि. रहेको छ भने जनसंख्या १,७०,३०२ रहेको छ (२०७८ सालको जनगणना बमोजिम) । रामेछाप जिल्लाको पूर्वमा ओखलढुङ्गा र सोलुखुम्बु, पश्चिममा काभ्रेपलाञ्चोक, उत्तरमा दोलखा र दक्षिणमा सिन्धुली रहेका छन् । रामेछाप जिल्लाका ८ वटा स्थानीय तहमध्ये २ वटा नगरपालिका (मन्थली र रामेछाप) र ६ वटा गाउँपालिका (उमाकुण्ड, गोकुलगंगा, लिखु तामाकोशी, सुनापती, खाँडादेवी, दोरम्बा शैलुङ) रहेका छन् । यस जिल्लाको सदरमुकाम मन्थली बजारमा अवस्थित छ । रामेछाप जिल्लाका अधिकांश मानिस कृषि, पशुपालन र सेवा क्षेत्रमा आबद्ध रहेका छन् । आर्थिक गतिविधि अध्ययन सम्बन्धी तथ्याङ्क संकलन गर्ने क्रममा रामेछाप जिल्लामा स्थलगत भ्रमण गर्दा, रामेछापमा दुध उत्पादन र खपत राम्रो हुने गरेको पाइएकाले मन्थली बजारमा रहेको एक गाई फर्मको स्थलगत अध्ययन गरिएको छ । हाल रामेछापमा प्रति व्यक्तिले वार्षिक रुपमा ६०.३४ लिटर दुध खपत गर्ने गरेको पाइयो ।

**मिना पशुपालन फर्म** मन्थली नगरपालिकाको वडा नं. १ मा अवस्थित छ । उक्त फर्म मनोज श्रेष्ठले करिब चार वर्षअघि मन्थली नगरपालिकामा दर्ता गरी संचालनमा ल्याएका हुन् । यस फर्मका संचालकद्वय श्री मनोज श्रेष्ठ स्वयम र साथीभाइहरुबाट प्रेरित भइ सहकारीबाट ४ लाख ऋण निकालेर (१ लाख गोठ निर्माणमा र बाँकी ४ वटा गाई किन्न) गाई फर्म संचालन गरेको बुझिन्छ । गाई फर्म संचालन गरेको केही समय पछि प्रदेश सरकारबाट गोठ सुधारको लागि रु. १ लाख अनुदान प्राप्त गरेको बुझिन्छ । धितोको समस्याका कारण बैंकबाट ऋण झिक्न नसकेर सहकारी र लघुवित्तबाट करिब १३ लाख ऋण निकाली ४ रोपनी जग्गामा गाई फर्म विस्तार गरेको व्यहोरा संचालकबाट जानकारीमा आयो । व्यवसाय विस्तार भएसँगै हाल उक्त फर्ममा २१ वटा गाई ( Holstein, Holstein cross र Jersey प्रकारका) रहेको र सबै गाईको बीमा गरेको पाइयो (२०८०/०४/२३ सम्ममा) । गाई फर्ममा बाह्य व्यक्तिलाई रोजगारी नदिई आफ्नै परिवारले मिलिजुली काम गर्ने गरेको देखिन्छ ।



२०७९/८० सालको चौथो त्रयमासताका नेपालभरका गाईवस्तुमा व्याप्त रहेको लम्पी स्किन रोगबाट मिना पशुपालन फर्मका गाईहरु पनि संक्रमित भएको पाइयो । यो फर्ममा रहेका गाईहरुमध्येमा सो रोगबाट संक्रमित भएका ५ गाई र २ बाच्छीमध्ये २ बाच्छीहरु मरेको जानकारी प्राप्त भयो । स्थलगत सर्वेक्षणका क्रममा लम्पी स्किनबाट संक्रमित गाईहरु सञ्चो हुने अवस्थामा रहेको पाइयो ।

हाल उक्त फर्मले औसत रुपमा दैनिक १५० लिटर दुध उत्पादन गर्ने गरेको र सो दुध मन्थली बजारको दुग्ध डेरीमा बेच्ने गरेको पाइयो । मिना पशुपालन फर्मको मासिक आम्दानी चारदेखी साढे चार लाख हुने गरेको र मासिक खर्च तीनदेखी साढे तीन लाख हुने गरेको बुझिन्छ । आम्दानीबाट संचालन खर्च कटौती गरी बाँकी भएको पैसाबाट ऋणको साँवा र व्याज घटाउने, घर खर्च गर्ने र बचत गर्ने गरेको संचालकले बताउनु भयो ।

यस फर्मलाई आवश्यक प्राविधिक सहयोग पशु सेवा विज्ञ केन्द्र, रामेछापबाट उपलब्ध हुने र कहिलेकाँही प्रदेश सरकारबाट पनि अनुदान उपलब्ध हुने गरेको जानकारी सञ्चालकबाट पाईयो । हालै मात्र पशु सेवा विज्ञकेन्द्र, रामेछापले सो फर्मलाई अनुदानमा Milking machine and Sitting matress उपलब्ध गराएको पाइयो ।

सो फर्मको संचालकको बुझाईमा सरकारले प्रदान गर्ने अनुदानको दुरुपयोग भई वास्तविक व्यवसायीले अनुदान नपाउने गरेको देखिन्छ । बिना धितो अथवा कम धितोमा बैंकले कर्जा नदिने र सहकारी वा लघुवित्तबाट कर्जा लिँदा चर्को ब्याजदर तिर्नुपर्दा आउँदा दिनमा गाई फर्म व्यवसाय विस्तार गर्ने सोचमा नरहेको संचालकको भनाइ छ । अनुदानको दुरुपयोग हुने प्रवृत्तिलाई नियन्त्रण गरी सरकारका तर्फवाट दिइने सहुलियतपूर्ण कर्जा र अनुदान वास्तविक किसानले प्राप्त गर्ने व्यवस्था गर्नुपर्ने, भेटेरीनरी अस्पतालमा अनुभवी डाक्टरको उपलब्ध हुनुपर्ने, सरकारले समय समयमा गाईवस्तुलाई दिइने भ्याक्सिन (खोरेत, भ्यागुते, चरचरे रोग विरुद्धको) निःशुल्क दिनुपर्ने, बुढा भएका गाई र गोरुहरुको व्यवस्थापन गर्न हरेक जिल्लामा एक गौशाला सञ्चालनमा ल्याउनुपर्ने र पशु आहारमा कार्ड बनाएर अनुदान दिने संयन्त्रको विकास हुनुपर्ने सुझाव सञ्चालकको छ ।
*स्रोत : स्थलगत सर्वेक्षण ।*

## बक्स ३: आदर्श पशुपालन तथा दुध बिक्री केन्द्र

चितवनको भरतपुरमा रहेको आदर्श पशुपालन तथा दुध बिक्री केन्द्र नेपालमा फस्टाउँदै गएको डेयरी फार्मिङ उद्योगको एउटा राम्रो उदाहरणको रुपमा देखिन्छ । यस फर्मका सञ्चालक शिवलाल कँडेलले सफलतापूर्वक यस व्यवसाय सञ्चालन गरिरहेको बुझिन्छ । सो केन्द्रले ५ बिघा जमिन १५ वर्षको लागि लिजमा लिई २०७५ सालमा पहिलो पटक आदर्श पशुपालन तथा दुध बिक्री केन्द्र सञ्चालनमा ल्याएको थियो । त्यसयता उक्त फर्मले दूध, दही, मक्खन, पनीर, घीउ, कुराउनी जस्ता दुग्धजन्य वस्तु उत्पादन गर्दै आइरहेको छ । उक्त फर्मको कुल लगानी रु.२ करोड ७० लाख रहेको छ । यस फर्मले व्यवसाय विस्तार तथा क्षमता अभिवृद्धि गर्ने क्रममा रु.७५ लाखको कर्जा उपभोग गरिरहेको छ । यस फर्मले औसतमा दैनिक ४५० लिटर दुध उत्पादन गर्ने गरेको छ भने भविष्यमा प्रति दिन ६०० लिटरसम्म दुध उत्पादन गर्ने लक्ष्य राखेको छ । यस फर्मले आठ पुरुष र दुई महिला व्यक्तिलाई रोजगारी प्रदान गरेको छ । यस फर्मको वार्षिक कारोबार ५ करोडभन्दा माथि रहेको तथा फर्मले आफ्नो अधिकांश उत्पादन स्थानीय बजारमै विक्री गर्ने गरेको कारण यसले स्थानीय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।



आर्थिक गतिविधि अध्ययनको लागि गरिएको स्थलगत सर्वेक्षणको सिलसिलामा गरिएको अवलोकनका क्रममा २०८० भदौसम्ममा यस फर्ममा ६५ वटा गाई, ३५ वटा भैंसी र १२ वटा बाच्छीहरु रहेका छन् । हाल प्रति लिटर भैंसीको दुध रु.१२० र गाईको दुध रु.९० मा स्थानीय बजारमा बिक्री हुने गरेको छ ।
कँडेलको २० वर्ष भन्दा बढीको यस क्षेत्रको अनुभवले गर्दा लम्पी स्किन रोगले यस फर्मलाई कुनै हानी नभएको जानकारी उनले दिएका छन् । यस फर्मका सबै गाई तथा भैंसीहरूलाई चरचरे र खोरेट जस्ता रोगहरू विरुद्धको खोपहरू नियमित रुपमा लगाइएको छ ।
नेपालको गाईपालन तथा दुग्ध उत्पादन क्षेत्रले अझैपनि विभिन्न अवरोधहरूको सामना गरिरहेको अवस्था छ । बजार स्थिर नभएको, दुधको माग स्थिर नभएको, दुधको माग अनुमानमा तथ्याङ्कको अभाव, वित्तीय श्रोतको अभाव, बीमाको दाबी भुक्तानीमा समस्या, सहुलियतपूर्ण कर्जाको सही सदुपयोगको अभाव, बैंकबाट कर्जा लिने प्रक्रियामा जटिलता, मेसिन तथा उपकरणको मर्मतमा समस्या, दक्ष तथा अर्धदक्ष जनशक्तिको अभाव जस्ता समस्याहरु यस क्षेत्रमा रहेका छन् । यी समस्याहरू समाधान गर्न, उचित लेखा परीक्षण र कर्जामा सरल कागजात प्रक्रिया, दुधको मागको तथ्याङ्क र बजारको सुनिश्चितता, सहुलियतपूर्ण कर्जामा एकद्वार प्रणाली तथा कर्जा लिने व्यवसायको नियमित अनुगमन लगायतमा ध्यान दिन आवश्यक छ । साथै, सम्बन्धित कृषकहरुलाई कृषि एवम् पशुपालनका बारेमा सबैकुरा समेटी एकीकृत परामर्श/तालिम लगायतका विषयमा ध्यान दिनुपर्ने देखिन्छ ।
*स्रोत : स्थलगत सर्वेक्षण ।*

## बक्स ४ : लम्पी स्किन रोगको अर्थतन्त्रमा प्रभाव

लम्पी स्किन रोग निम्त्याउने भाइरसले मुख्यतया गाईवस्तुलाई असर गर्दछ । यो भाइरस क्याप्रिपोक्सभाइरस जीनससँग सम्बन्धित छ, जसमा भेडा र बाखाको पोक्स निम्त्याउने भाइरसहरू पनि समावेश छन् । प्रभावित गाईवस्तुको छालामा गाँठो वा गाँठको विकासले "लम्पी स्किन रोग" लाई जन्म दिन्छ । गाईपालन व्यवसायमा यस रोगले आर्थिक र पशु स्वास्थ्यमा ठूलो असर पार्न सक्छ ।
गाईवस्तुमा लम्पी स्किन रोगको लक्षणहरूको गम्भिरतामा भिन्नता हुन सक्छ र यी लक्षणहरु सबै पीडित जनावरहरूमा नदेखिन सक्छ । छालामा पीडारहित गोलो गिर्खा/गाँठो वा Nodules बन्नु यस रोगको परिभाषित लक्षण हुन् । यस रोगको अन्य लक्ष्यणहरु उच्च ज्वरो आउने, दूध उत्पादन घट्ने, दाना पानी कम खाने, तौल घट्ने, थकान, अत्याधिक लार देखिने र छिटपुट रूपमा लिम्फ नोडहरू सुन्निने र गोरुहरूको प्रजनन क्षमतामा कमी आउने जस्ता रहेका छन् । यद्यपि, यस रोगले विरलै मृत्युको परिणाम दिन्छ, तर ब्याक्टेरिया संक्रमण र अन्य समस्याहरू भने निम्त्याउन सक्छ ।

### नेपालको वर्तमान अवस्था

२०७९ सालको चैत्र महिनादेखि कोशी प्रदेशबाट रोगको प्रकोप शुरु भई २०८० साउनसम्म ७७ जिल्लामा रोग पुष्टि भइसकेको थियो । सो समयमा नेपालमा यो रोगको प्रकोप व्यापक रहेको थियो । कर्णाली, सुदूरपश्चिम, लुम्बिनी, कोशी प्रदेश र पहाडी क्षेत्रमा यो रोगले गम्भिर असर पारेको छ । पछिल्लो तथ्याङ्क अनुसार पहाडी क्षेत्रमा भने सङ्क्रमितको संख्या घटेको छ भने बागमती र मधेस क्षेत्रमा सङ्क्रमितको संख्या बढ्दै गएको छ । पशु सेवा विभागका अनुसार २०८० साउनसम्म १३ लाख ५३ सय ६१ संक्रमित जनावरहरुमध्ये १० लाख ८२ हजार पन्ध्र वटाको उपचार भएको छ भने ४७ हजार ६ सय ७९ जनाको यस रोगका कारण मृत्यु भएको छ । यसै क्रममा कुल ४ लाख ४५ हजार पशुहरुमा खोपको कार्य सम्पन्न भइसकेको छ । नेपालमा यो रोगको लागत करिब ३० अर्ब डलर पर्ने अनुमान गरिएको छ ।

### बागमती प्रदेशको अवस्था

बागमती प्रदेशमा रहेका ११९ पालिकाहरुमध्ये ११८ पालिकामा लम्पी स्किन रोगले असर पारेको छ भने ८० पालिकाहरुमा यस रोग विरुद्ध खोपको कार्यक्रम सञ्चालन भइसकेको छ । विभिन्न जिल्लाका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुका अनुसार २०७९ भदौ सम्ममा यस रोगबाट संक्रमित पशुहरुको संख्या २ लाख २१ हजार पुगेको छ भने उक्त रोगबाट मृत्यु हुने पशुहरुको संख्या ७ हजार ९ सय ६५ रहेको छ । यस प्रदेशमा कुल १ लाख ५३ हजार पशुहरुमा खोपको कार्य सम्पन्न भइसकेको छ ।

यस प्रदेशको जिल्लाहरुमध्ये दोलखा जिल्लामा सबैभन्दा बढी (३७ हजार ६ सय ४२) पशुहरु संक्रमित भएका छन् भने ललितपुर जिल्लामा सबै भन्दा कम (१ हजार ८ सय ८८) पशुहरुमा यस रोगको संक्रमण पुष्टि भएको छ । यस रोगबाट सिन्धुपाल्चोक जिल्लामा सबै भन्दा धेरै (१ हजार ३ सय २८) पशुहरुको मृत्यु भयो भने ललितपुर जिल्लामा सबैभन्दा कम (१४५) पशुहरुको मृत्यु हुन गयो । यस प्रदेशमा संक्रमित पशुहरुमध्ये लम्पी स्किन रोगका कारण मृत्यु हुने पशुको संख्या ३.६ प्रतिशत रहेको छ, यस्तो मृत्यु दर रसुवा जिल्लामा सबै भन्दा बढी ९.१ प्रतिशत र रामेछाप जिल्लामा सबैभन्दा कम १.६ प्रतिशत रहेको छ ।

**लम्पी स्किन रोगले बागमती प्रदेशका विभिन्न जिल्लामा पारेको असर**

| जिल्लाको नाम | जिल्लामा रहेका पालिकाको संख्या | लम्पी स्किनले संक्रमित पालिको संख्या | संक्रमित पशुको संख्या | मृत्यु भएको पशुको संख्या | मृत्यु दर | भ्याक्सिन पुगेको पालिका | भ्याक्सिन पाउने पशुको संख्या |
|---|---|---|---|---|---|---|---|
| दोलखा | ९ | ९ | ३७,६४२ | १,०१० | २.७ | ६ | ८,८७८ |
| सिन्धुपाल्चोक | १२ | ११ | २७,९३५ | १,३२८ | ४.८ | १० | १२,४२८ |
| रसुवा | ५ | ५ | २,६०३ | २३६ | ९.१ | ४ | ४,३५० |
| धादिङ | १३ | १३ | २५,१७२ | ९५९ | ३.८ | - | - |
| नुवाकोट | १२ | १२ | १८,१०६ | १,०३४ | ५.७ | ८ | ८,३९५ |
| काठमाडौं | ११ | ११ | ५,०३९ | ३८४ | ७.६ | ११ | ११,४५० |
| भक्तपुर | ४ | ४ | ६,८०८ | ३५३ | ५.२ | ४ | ५,६२५ |
| ललितपुर | ६ | ६ | १,८८८ | १४५ | ७.७ | ६ | ८,३०० |
| काभ्रेपलाञ्चोक | १३ | १३ | ३०,७४३ | ६८१ | २.२ | ११ | ३२,८०० |
| रामेछाप | ८ | ८ | १४,३३१ | २२९ | १.६ | २ | ५,१७५ |
| सिन्धुली | ९ | ९ | २४,०९० | ६८६ | २.८ | १ | २,९०० |
| मकवानपुर | १० | १० | १५,०१३ | ५२६ | ३.५ | १० | ३१,५६० |
| चितवन | ७ | ७ | १२,१५८ | ३९४ | ३.२ | ७ | २१,९६९ |
| **जम्मा** | **११९** | **११८** | **२२१,५२८** | **७,९६५** | **३.६** | **८०** | **१५३,८३०** |

### अर्थतन्त्र र कृषिमा प्रभाव

गाईवस्तुमा देखिने लम्पी स्किन रोगले कृषि र देशको अर्थतन्त्रमा गम्भिर असरहरू पार्ने सम्भावना छ । उत्पादन घट्ने, दुग्ध तथा मासु उत्पादनका लागि संक्रमित गाईवस्तुमा निर्भर हुने किसानहरूले यी पशुहरूमा दूध उत्पादनमा कमी र तौल घटेको कारणले बारम्बार आर्थिक नोक्सानी व्यहोर्नुपरेको छ । रोगी गाईवस्तुको उपचार महँगो हुन जाँदा किसानहरूको लागत पनि बढ्ने सम्भावना छ ।

### लम्पी स्किन रोगको रोकथाम र उपचार

लम्पी स्किन रोग भाइरसबाट बच्न खोप बाहेक अर्को विकल्प छैन । संक्रमित जनावरहरूलाई खोप लगाउनु हुँदैन । निको भएका जनावरहरूलाई एक वर्षपछि खोप लगाउनु पर्दछ । संक्रमित जनावरको दुध जनावरलाई एन्टिबायोटिक दिएपछि १४ दिनसम्म खानु हुँदैन । रोग प्रतिरोधात्मक क्षमता मार्फत रोग नियन्त्रण गर्न सकिन्छ । यस अवस्थामा जब जनावरहरूको जनसंख्याको ८० प्रतिशत भन्दा बढी पशुहरुमा यस भाइरस विरुद्ध खोप लगाइन्छ तब मात्र यो रोग फैलिन नियन्त्रण गर्न सकिन्छ । यस रोगको संक्रमण चक्र सामान्यतया १० देखि १२ दिनसम्म रहन्छ । यदि कुनै जनावर त्यतिबेलासम्म पनि निको नभएमा मृत्युको सम्भावना बढेर जान्छ । संक्रमित जनावरहरूलाई क्वारेन्टाइनमा राख्नुपर्छ र प्रशस्त नरम घाँस, साथै गुडको पानी जस्ता तरल पदार्थ खुवाउनुपर्छ । धेरै कमजोर र खान नसक्ने जनावरहरूलाई प्रशिक्षित पशु चिकित्सा प्राविधिकद्वारा स्लाइन लगाउन सकिन्छ । साथै दुखाई र ज्वरो कम गर्न पारासिटामोल र अन्य पेनकिलरको साथै इन्जेक्सनहरू पनि दिन सकिन्छ । ज्वरो आएमा पानी दिन नहुने गलत धारणाले पनि जनावरको मृत्यु हुन सक्छ ।

नेपाल सरकारले पशुविज्ञको सिफारिस र विश्व स्वास्थ्य संगठनको स्वीकृतिपछि किसानलाई 'बर्ड पोक्स' नामक खोप उपलब्ध गराउने जनाएको छ । आर्थिक वर्ष २०८०/८१ को लागि प्रत्येक स्थानीय तहले निश्चित रकममा आपतकालीन रोग नियन्त्रण केन्द्र उपलब्ध गराउने व्यवस्था गरिएको छ । यदि कसैलाई आफ्नो गाईवस्तुमा संक्रमण भएको शंका लागेमा नजिकको पशु स्वास्थ्य सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ र स्वस्थ गाईवस्तुमा मात्र खोप लगाउनुपदर्छ ।

*स्रोत: विभिन्न जिल्लाका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ।*

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

- पछिल्लो समय दुधको उत्पादन बढ्दै गएको, खपत नहुने दुधबाट धुलो दुध, बटर लगायत लामो समय भण्डार गर्न सकिने वस्तुको उत्पादन बढेको र भारत, बंगलादेश लगायत देशहरुमा निर्यातको सम्भावना रहेको भएता पनि निर्यातको लागि राष्ट्रिय स्तरबाट पहल नभइसकेको तथा स्वदेशमै पनि पूर्ण रुपमा खपत नभएकोले कृषकको दुधको उचित मूल्य दिलाउनु तथा हाल उत्पादित धुलो दुध र बटरको बजार विस्तार गरी उत्पादनलाई प्रोत्साहन गर्नु चुनौतीपूर्ण रहेको छ ।
- कृषिसँग सम्बन्धित विश्वविद्यालय तथा कृषिसँग सम्बन्धित विद्यालयहरुबाट विभिन्न कार्यक्रम अन्तर्गत पढ्न र सीप सिक्न विदेशिएका विद्यार्थीहरुको सुरक्षा सुनिश्चितता गर्नु । उक्त विश्वविद्यालय र विद्यालयहरुलाई प्रोत्साहन गरी अध्ययन अनुसन्धान तथा प्रविधि विकास गर्न सकेमा कृषि प्रणालीको रुपान्तरण गर्न सकिने देखिन्छ । विदेशबाट दक्ष प्रशिक्षक र प्रविधि नेपालमै भित्राएर विद्यार्थीहरुलाई सीप सिकाई दक्ष बनाई नेपालमै काम गर्नका लागि प्रेरित गर्नु चुनौतीपूर्ण रहेको ।
- बढ्दो बसाँइसराई र जनसंख्याका कारण भइरहेको भूमि खण्डीकरणलाई रोकी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउनु ।
- कृषि क्षेत्रमा प्रदान गरिने अनुदान वास्तविक किसानहरुमा पुर्‍याउनु ।
- आधुनिक प्रविधिको प्रयोग, व्यावसायिक कृषिको विविधीकरण, पर्याप्त सिँचाईको सुनिश्चितता, कृषि उत्पादन संकलन केन्द्रको विकास, आयातित खाद्यान्न (विशेष गरी चामल, तरकारी र फलफुल) को निरुत्साहन तथा कृषि अनुसन्धान र कृषि विस्तार गतिविधिहरुमा लगानी बढाई विभिन्न सामाजिक वर्गका किसानहरुलाई कृषि प्रविधि, ज्ञान र समाग्रीको पर्याप्त पहुँच उपलब्ध गराउनु ।
- बढ्दो तापक्रम, अनिश्चित वर्षा, पहिरो, बाढी, असिना जस्ता हावापानी प्रकोपहरुले गर्दा कृषि उत्पादनमा परेका नकारात्मक असरलाई कम गर्नु तथा अव्यवस्थित सहरीकरण, जलवायु परिवर्तनको प्रतिकुल प्रभावका कारण पानीको स्रोतहरु सुक्दै गरेको परिस्थितिमा कृषिजन्य उत्पादनका लागि आवश्यक पर्ने  पानीको उपलब्धता सुनिश्चित गर्दै खाद्य सुरक्षाको सुनिश्चित गर्नु ।
- कृषकहरुको सहभागिता र लगानी आवश्यक पर्ने प्लाष्टिक टनेल निर्माण, थाँक्रा निर्माण लगायतका सरकारी कृषि अनुदान कार्यक्रममा सम्झौता भए पनि निर्माण सामाग्रीको उच्च मूल्य वृद्धिका कारण कार्य सम्पन्न गर्न नसकिने हुँदा यस्ता कार्यक्रमलाई समयानुकुल परिमार्जन गर्दै लैजानु ।
- पशुचौपायाहरुलाई लाग्ने लम्पी स्किन, भ्यागुते, चरचरे, खोरेत जस्ता रोगहरुको विरुद्धमा सरकारले समयमै खोप सँगसँगै सो रोगहरुबारे अन्य जानकारी उपलब्ध गराउनु ।

### सम्भावना

- शहरी इलाकामा कौशी खेती फस्टाउँदै गएको र कौशी खेतीका लागि हलुका फाइबरयुक्त माटो आवश्यक हुने भएकाले घरेलु कुहिने फोहोरलाई कम्पोस्ट मल बनाएर अयअयउभबत, धययम ऋद्भच लगायतका महँगो वस्तुलाई प्रतिस्थापन गर्न सकिने ।
- रसुवा, सिन्धुपाल्चोक, दोलखा जस्ता जिल्लामा रहेको बाँझो जग्गालाई स्थानीय सरकारको पहलमा नगदे बाली र चरिचरनका लागि उपयोग गर्न सके कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको ।
- बागमती प्रदेशमा (विशेषगत काठमाडौं उपत्यकामा) अन्य बालीलाई प्रतिस्थापन गरी तरकारी खेती र फलफूल खेतीमा मात्र केन्द्रित भएमा वैदेशिक पर्यटकहरुलाई Agrotourism तर्फ आर्कषित गर्नसक्ने सम्भावना रहेको ।

- पहाडी तथा हिमाली भेगमा उत्पादन हुने कोदो, जौ, फापर तथा मसलाजन्य रैथाने बालीहरु अर्न्तराष्ट्रिय जगतमा Nutri Cereal /Superfood लगायतका नामबाट प्रचलित रहेकाले रैथाने बालीका उपजमा आधारित विभिन्न परम्परागत तथा आधुनिक परिकारको विकास गर्न सकिएमा सहज बजारीकरणको सम्भावना रहेको ।
- बागमती प्रदेशमा रहेको भूमि खण्डीकरण समस्यालाई सम्बोधन गर्न सामूहिक खेती प्रवर्द्धन गरी समग्र कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको ।
- व्यावसायिकताका आधारमा किसानहरुको वर्गीकरण गरी परिचयपत्र वितरण गर्न सकेमा वर्गीकरणका आधारमा प्रदेश सरकारबाट दिइने प्रोत्साहनलाई लक्षित किसानमा पुऱ्याउन सकिने ।


# परिच्छेद ४ : उद्योग क्षेत्र

## ४.१ प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशका नमुना छनौटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४६.७ प्रतिशत रहेको छ। गत वर्ष नमुनामा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४७.४ प्रतिशत रहेको थियो। नमुना छनौटमा परेका उद्योगहरुमध्ये चाउचाउ उद्योगले सबैभन्दा बढी क्षमता उपयोग गरेको छ भने औषधी मध्येको क्यापसुलको क्षमता उपयोग सबैभन्दा कम रहेको छ।

समीक्षा वर्षमा अध्ययनमा समेटिएका उद्योगका उत्पादनमध्ये पशुदाना, चुरोट, पशिमना, ईंटा, सिमेन्ट, बिजुली तथा औषधीमध्येको ओइन्टमेन्ट, ट्याब्लेट र ड्राईसिरपको उत्पादन बढेको छ भने प्रशोधित दुध, चाउचाउ, हल्का पेय पदार्थ, वियर, रंग, गार्मेन्ट, कपडाको जुत्ता तथा औषधीमध्येको क्याप्सुल र लिक्वडको उत्पादन घटेको छ। समीक्षा वर्षमा अध्ययनमा समेटिएका उद्योगहरुले ९,२४९ स्वदेशी र ३१८ विदेशी गरी कुल ९,५६७ जनालाई रोजगारी प्रदान गरेका छन्।

**चार्ट ४.१: प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग (आ.व. २०७९/८०)**




*स्रोतः अध्ययन क्षेत्रका उद्योगहरू।*

यस प्रदेशमा सञ्चालित अधिकांश उद्योगहरु काठमाडौं उपत्यका र मकवानपुरको हेटौंडामा अवस्थित छन्। यस प्रदेशमा रहेका प्रमुख उद्योगहरुमा छालाका जुत्ता, कपडाका जुत्ता, गलैंचा, पश्मिना, फेल्टका सामान, जीवजन्तुको आहार, ऊनको तयारी पोशाक, सुतीको तयारी पोशाक, सजावटका सामान, चाउचाउ, बिस्कुट, पेय पदार्थ, इँटा, औषधी र सिमेन्ट उद्योगहरु पर्दछन्। आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशमा उत्पादनमूलक क्षेत्रमा ३५, कृषि तथा वनमा २, उर्जामा १४, सूचना तथा प्रविधिमा १६, पूर्वाधारमा १, खनिजजन्यमा १, सेवामा ५६ र पर्यटनमा ४२ गरी कुल १६९ उद्योगहरु दर्ता भएका छन्। जसमा १९ वटा ठूला, २५ वटा मध्यम र १२५ वटा साना उद्योगहरु दर्ता भएका छन्। स्थापना गरिएका यस्ता उद्योगहरूको सञ्चालनसँगै बागमती प्रदेशको आर्थिक विकासमा थप टेवा पुग्ने देखिन्छ। आर्थिक वर्ष २०७९/८० मा प्रदेशका जिल्लाहरुमध्ये रामेछाप र सिन्धुलीमा कुनै पनि उद्योग दर्ता भएका छैनन्।

**तालिका ४.१: बागमती प्रदेशमा २०७९ साउनदेखि २०८० असार मसान्तसम्म दर्ता भएका उद्योगको विवरण**

| जिल्ला | उद्योग संख्या | रू. दश लाखमा | | | प्रस्तावित रोजगारी संख्या |
|---|---|---|---|---|---|
| | | प्रस्तावित कुल पुँजी | स्थिर पुँजी | कार्यशील पुँजी | |
| भक्तपुर | ५ | ३२८.२९ | २४५.५ | ८२.७९ | २१३ |
| चितवन | ७ | २२७८.४७ | १७३३.१६ | ५४५.३० | ४९८ |
| धादिङ | ४ | ११८८.९४ | १०९७.९ | ९१.०४ | १०९ |
| दोलखा | ३ | २२९५९.७३ | २२६५५.१ | ३०४.६१ | १२३ |
| काठमाडौं | १०७ | ३७५९७.९८ | १८८८१.९ | १८७१६.०८ | ६०२४ |
| काभ्रेपलाञ्चोक | ४ | ६११.९५ | ५३६.५६ | ७५.३९ | १६९ |
| ललितपुर | २५ | ३३४६.७३ | २९२२.४५ | ४२४.२८ | १२५६ |
| मकवानपुर | २ | ९९३.४५ | ९६६.८७९ | २६.५८ | ७४ |
| नुवाकोट | ३ | ६६०.८६ | ४५४.६२६ | २०६.२३ | १८७ |
| रसुवा | २ | ६५६४.६५ | ६४८०.५७ | ८४.०८ | ८५ |
| सिन्धुपालचोक | ७ | ७०७६.६५ | ६८२३.८१ | २५२.८५ | २५७ |
| जम्मा | **१६९** | **८३६०७.६९** | **६२७९८.५** | **२०८०९.२३** | **८९९५** |

*स्रोत: उद्योग विभाग* ।

२०७९ साउनदेखि २०८० असार मसान्तसम्म यस प्रदेशमा दर्ता भएका १६९ वटा उद्योगहरूको प्रस्तावित कुल पुँजी रु.८३ अर्ब ६१ करोड रहेको छ। यी दर्ता भएका उद्योगहरुको समीक्षा वर्षमा प्रस्तावित रोजगारी संख्या कुल ८ हजार ९ सय ९५ रहेको छ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०८० असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूले यस प्रदेशका औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा १३.२ प्रतिशतले वृद्धि भई रु.९ खर्ब ५४ अर्ब १ करोड पुगेको छ। गत वर्ष यस्तो कर्जा ६ प्रतिशतले ह्रास भई रु.८ खर्ब ४२ अर्ब ६६ करोड पुगेको थियो (तालिका ४.१)। यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३४.७ प्रतिशत रहेको छ। औद्योगिक कर्जामध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी रु.८ खर्ब ६१ अर्ब ८५ करोड (९०.३ प्रतिशत) कर्जा लगानीमा रहेको छ भने रसुवा जिल्लामा सबैभन्दा कम रु.१७ करोड (०.०२ प्रतिशत) कर्जा लगानीमा रहेको छ (तालिका ४.२)। अधिकांश औद्योगिक प्रतिष्ठानहरुको केन्द्रीय कार्यालय काठमाडौंमा रहेकोले औद्योगिक कर्जाको उच्च हिस्सा काठमाडौंमा रहेको दखिन्छ।


**तालिका ४.२: जिल्लागत औद्योगिक कर्जा**

| जिल्ला | रकम (रु दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ९२२.२३ | ०.१ |
| सिन्धुपाल्चोक | ५६४.२१ | ०.१ |
| रसुवा | १७१.०४ | ०.० |
| धादिङ्ग | २,०८३.११ | ०.२ |
| नुवाकोट | १,७०१.६२ | ०.२ |
| काठमाडौं | ८६१,८५४.६३ | ९०.३ |
| भक्तपुर | ६,८४८.६४ | ०.७ |
| ललितपुर | २६,७९२.७६ | २.८ |
| काभ्रेपलाञ्चोक | ५,२१५.३८ | ०.५ |
| रामेछाप | ६०५.३८ | ०.१ |
| सिन्धुली | १,५३७.७५ | ०.२ |
| मकवानपुर | १३,४७४.७७ | १.४ |
| चितवन | ३२,२४३.२३ | ३.४ |
| **जम्मा (कुल)** | **९५४०१४.७४** | **१००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

कुल औद्योगिक कर्जामध्ये विद्युत, ग्याँस तथा पानीमा २४.२ प्रतिशतले कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा १६.७ प्रतिशतले, धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा १६.६ प्रतिशतले, गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा ८.८ प्रतिशतले र निर्माण उद्योगमा २.१ प्रतिशतले कर्जा बढेको छ भने खानी उत्पादन सम्बन्धी उद्योगमा ३१.७ प्रतिशतले घटेको छ ।

**चार्ट : ४.२ औद्योगिक कर्जा लगानी स्थिति (रु.अर्बमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## बक्स ५ : एकीकृत व्यापार रणनीति, २०८०

नेपाल सरकारले २०८० असारमा नेपाल व्यापार एकीकृत व्यापार रणनीति, २०८० जारी गरेको छ । नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी उक्त रणनीतिले निर्यात सम्भाव्यता भएका वस्तुहरुलाई चार वर्गमा विभाजन गरी प्रस्तुत गरेको छ । नेपालले सन् १९९२ (वि.स.२०४९) मा ल्याएको पहिलो वाणिज्य नीति, २०४९ सँगै व्यापारमा खुलापनको अवधारणा अवलम्बन गरेको थियो । सन् २००८ (वि.स.२०६५) सालमा ल्याइएको नयाँ वाणिज्य नीतिले विगतको नीतिको भन्दा फराकिलो अवधारणा प्रस्तुत गरको देखिन्छ । सन् २०१५ (वि.स.२०७२) मा निर्मित पछिल्लो वाणिज्य नीति, २०७२ ले नेपालको अन्तराष्ट्रिय व्यापारलाई प्रतिस्पर्धी बनाई सोबाट लिनुपर्ने लाभहरुलाई प्राथमिकीकरण गरको छ ।

नेपालले सन् २००४ (२०६१ सालमा) मा पहिलोपटक नेपालको व्यापारको प्रतिस्पर्धात्मक क्षमताको बारेमा अध्ययन गरेको थियो । त्यसपछि सन् २०१० मा पहिलो, सन् २०१६ दोश्रो र सन् २०२३ मा तेश्रो गरी तीनवटा नेपाल व्यापार एकीकृत रणनीति तयार गरी लागु गरेको छ । नेपालमा व्यापार विस्तारसँगै निर्यातलाई प्रवर्द्धन गरी व्यापार घाटा कम गर्ने मुख्य ध्येयका साथ निम्नानुसारका रणनीतिहरु निर्माण गरी कार्यान्वयन भएका छन् ।

| क्र.स. | रणनीति | निर्यात सम्भाव्यता वस्तु तथा सेवा सम्बन्धी विवरण | |
|---|---|---|---|
| | | संख्या | निर्यात संभावना भएका वस्तु तथा सेवा (उदाहरण) हरु |
| १ | एकीकृत व्यापार रणनीति, २०१० | १२ वटा बस्तु, ७ वटा सेवा गरी कुल १७ वटा | **कृषि :** अलैंची, अदुवा, मह, दाल, चिया, चाउचाउ, जडीबुटी<br>**औद्योगिक :** हाते कागज, चाँदीका गरगहना, फलाम र स्टिलका सामान, पश्मिना, उनको उत्पादन,<br>**सेवा :** पर्यटन, श्रम सेवा, सूचना प्रविधि, स्वास्थ्य, शिक्षा, इन्जिनियरिङ्ग, जलविद्युत,<br>**अन्य :** व्यापार सेवा, चिनी, सिमेन्ट, दुग्ध पदार्थ, ट्रान्सफर्मर |
| २ | एकीकृत व्यापार रणनीति, २०१६ | १२ वटा वस्तु तथा सेवा | **कृषि :** अलैंची, अदुवा, दाल, चिया, जडीबुटी<br>**औद्योगिक :** धागो, छाला, जुत्ताचप्पल, पश्मिना, कार्पेट<br>**सेवा :** दक्ष र अर्ध-दक्ष श्रम,सूचना तथा प्रविधि, पर्यटन लगायत |
| ३ | एकीकृत व्यापार रणनीति, २०२३ | १७ वटा वस्तु र अन्य | **कृषि :** अलैंची, अदुवा, दलहन, जुट, चिया,<br>**वन :** जडीबुटी, लोक्ता, रोजिन र टर्पेन्टाइन,<br>**ठुला उद्योग :** फलाम तथा स्टिल, धागो तथा कपडा, जुत्ता, तयारी पोशाक<br>**साना उद्योग :** गलैंचा, गर-गहना, पश्मिना, पास्ता, ऊनबाट बनेका सामान<br>**अन्य:** उदीयमान वस्तुहरु-सुगन्धित तेल, तरकारी, फलफुल लगायत, नयाँ र भविष्यमा सम्भावना हुने-बहुमूल्य पत्थर, खानीजन्य, नदीजन्य उत्पादनहरु, सुगन्धित वस्तुहरु |

यसरी, नेपालले विभिन्न समयमा निर्यात प्रवर्द्धनका लागि एकीकृत व्यापार रणनीति निर्माण गरी कार्यान्वयन गर्दै आइरहेको छ । तापनि, निर्यात अपेक्षित स्तरमा बढ्न सकेको छैन । आयातको बढ्दो प्रवृत्ति र निर्यातको सानो आधार र परिमाणका कारण व्यापार घाटा बढ्दो क्रममा गएको देखिन्छ । आगामी समयमा आवश्यक नीतिगत व्यवस्थाको मजबुतीकरण गर्दै कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन आवश्यक छ । जसबाट निर्मित रणनीतिको कार्यान्वयनलाई गति प्राप्त हुन गई निर्यात प्रवर्द्धनको आधार फराकिलो हुने, गुणस्तर अभिवृद्धिमा ध्यान पुग्ने र प्रतिस्पर्धी क्षमता पनि अभिवृद्धि हुने परिवेश बन्दछ । जसका लागि निर्यात प्रवर्द्धन र विस्तार गरी व्यापार घाटा कम गर्ने दिशामा सम्बन्धित निकायहरुको एकीकृत पहल हुन आवश्यक देखिन्छ ।

*स्रोत: नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८०*

## बक्स ६ : आयात प्रतिस्थापन गर्ने उद्देश्यका साथ पुनः सञ्चालन भएको उद्योगको एक उदाहरण

**परिचय**

**लोगो फेसन इन्डस्ट्रिज प्रा.लि.** अहिलेको समयमा नेपालको तयारी कपडा उद्योगमा स्थापित ब्रान्डको रुपमा रहेको छ । भक्तपुर-१० मा कारखाना रहेको यस उद्योगले विशेषगरी महिला तथा पुरुषका लागि स्मार्ट क्याजुअल कपडा बनाउने गरेको देखिन्छ । लोगो इन्डस्ट्रिज मध्यपूर्व एसिया तथा युरोपमा फेसन व्यवसायमा संचालित कम्पनीहरुको एक समूह हो । सन् १९९६ मा अरबको दुबईमा मुख्य कार्यालय रहने गरी स्थापना भएको लोगो फेसनले सन् १९९७ मा नेपालमा पनि कारखाना स्थापना गरेको थियो । यस उद्योग त्यस समयमा नेपालको प्रमुख नियातकर्ता हुनुका साथै नेपाल जर्मन चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्रिजबाट उत्कृष्ट निर्यातकर्ताको पुरस्कार समेत प्राप्त गर्न सफल भएको थियो । उक्त समयमा यस उद्योगले ५०० भन्दा बढी रोजगारी प्रदान गरेको थियो । राजनैतिक संक्रमण तथा ट्रेड युनियनको दवावका कारण यस उद्योग सन् २००२ मा बन्द हुन पुग्यो । नेपालमा उद्योग बन्द भएता पनि भियतनामका कारखानाहरुमा यसले आफ्नो उत्पादनलाई आउटसोर्स गर्नुका साथै अन्य देशहरुमा उत्पादन कायम नै राख्यो ।

**हालको अवस्था**

सन् २०१५ मा पुरानो कारखानालाई पुर्नस्थापना गर्ने, रोजगारी सृजना गर्ने, महिला सशक्तिकरण गर्ने तथा देशको विकासमा योगदान दिने उद्देश्यका साथ यस उद्योगले आफ्नो उत्पादन पुन : सुचारु गर्‍यो । चीन, ताइवान, हङकङ लगायतका मुलुकबाट कच्चा पदार्थ आयात गरी यस उद्योगले महिला र पुरुषको तयारी कपडा उत्पादन गर्ने गरेको छ । कूल ४४ पुरुष र २५ महिला स्वदेशी कामदार गरी जम्मा ६९ जनालाई रोजगारी प्रदान गरेको यस उद्योगको करीब ९९ प्रतिशत बजार नेपालमा रहेको छ । उद्योगको प्रमुख उद्देश्य आयात प्रतिस्थापन रहेकोले यस उद्योगले स्वदेशी बजार विस्तारलाई नै प्राथमिकतामा राखेको छ । तापनि उत्पादनको सीमित मात्रा जर्मनी, नेदरल्याण्ड र क्यानडामा पनि निर्यात गर्ने गरेको छ । हाल आफ्नो लगानीको ८ गुणासम्म वार्षिक कारोवार गर्ने गरेको उद्योगले जनाएको छ । हाल यस उद्योग ५० प्रतिशत क्षमतामा चलिरहेको र थप उत्पादन विस्तारका लागि पुँजी विस्तारको प्रक्रियामा रहेको पनि उद्योगले जनाएको छ ।

**समस्या/चुनौती**

तुलनात्मक रुपमा महँगो ज्यालादर तथा सञ्चालन खर्च, स्थानीय रुपमा प्राप्त नहुने औद्योगिक कच्चा पदार्थको महँगो भन्सार कर तथा शुल्क, अनियमित सम्पत्ती तथा भाडा दर, महँगो ढुवानी सेवा, बढ्दो प्रतिभा पलायनका कारण दक्ष कामदारको अभाव, सहुलियत व्याजदरको कमी, स्वदेशी उद्योग सम्बन्धी सरकारी नीति तथा कार्यक्रममा अस्पष्टता **लोगो तथा अन्य** स्वदेशी तयारी पोशाक उद्योगले भोग्नुपरेका प्रमुख समस्या रहेको छ । मूल्य संवेदनशील रहेको नेपाली बजारमा भन्सार छली तथा अन्डर बिलिङ भइ आउने गुणस्तरहीन सस्तो तयारी कपडा यस्ता उद्योगका लागि प्रमुख चुनौतीको रुपमा रहेको छ ।

**सम्भावना**

सरकारको दीर्घकालीन सोच र योजना, कम विजक मूल्य बनाई आयात हुने पोशाकको नियमन, उद्योग तथा स्टार्टअप स्थापनाको लागी सहज कर्मचारीतन्त्रको अभ्यास, लगानीमैत्री नीति, प्रतिभा पलायन रोक्न सकारात्मक वातावरण, भन्सार तथा ढुवानीमा सहुलियत, प्रक्रियागत कार्य सरलीकरण गर्न डिजिटल अभ्यास तथा ठूला मेसिनरी आयातमा सहुलियत दिन सके स्वदेशी तयारी कपडा उद्योगले पुरानै लय समात्ने सम्भावना देखिन्छ ।

**निष्कर्ष**

तयारी पोशाकमा अमेरिकी तथा युरोपेली बजारमा नेपालको निर्यातको इतिहास रहेकोले गुणस्तर तथा मौलिकतामा जोड दिने, सरकारी नीतिहरुको पर्याप्त विश्लेषण गरी लागत कम गर्ने तथा अफठ्याराहरु फुकाउने लगायतका काम गर्न सकिएमा अझैपनि निर्यातको सम्भावना उच्च रहेको छ । साथै, यस्ता उद्योगले तयारी कपडा आयातलाई पनि प्रतिस्थापन गर्दै स्वदेशमै ठूलो मात्रामा रोजगारी सिर्जना गर्न सक्ने सम्भावना रहेको छ ।

*स्रोत: स्थलगत सर्वेक्षण, भक्तपुर*

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### चुनौती

- भन्सार छली तथा कम विजकीकरण गरेर ल्याइएका जुत्ता, चप्पल, लत्ता कपडा तथा नक्कली ब्रान्डका सामान बजारमा सजिलै उपलब्ध हुने तथा उक्त सामानहरुको मूल्य कम हुने भएकोले स्वदेशी उत्पादनले त्यस्ता सामानहरुसँग प्रतिस्पर्धा गर्दै बजार विस्तार तथा आयात प्रतिस्थापन गर्नु तथा सरकारी तबरबाट निरन्तर नियमन र कारबाही गर्नु ।
- वैदेशिक रोजगारीमा जानेको संख्या उल्लेख्य बढ्दै गएको तथा उद्योग संचालनका लागि भारतीय कामदारको भर पर्नु परेकोले युवा जनशक्तिलाई औद्योगिक सीपको विकास गरी उद्योगको स्थापना गर्न प्रोत्साहित गर्नु ।
- नेपालको मौलिक हस्तकला, सुन तथा चाँदीका गरगहना तथा ढलोट तथा तामाका सामाग्री बनाउने पुर्ख्यौली व्यवसायबाट पछिल्लो पुस्ता विस्तापित हुँदै गएकोले यस व्यवसायको स्थायीत्व तथा आकर्षण कायम राख्नु साथै यस्ता सामाग्रीको अन्तराष्ट्रियकरण गर्न mass production मा जोड दिनु ।
- ठूला शहरहरुमा रहेका औद्योगिक क्षेत्रहरुमा फोहोर व्यवस्थापनका साथै प्रस्तावित औद्योगिक क्षेत्रहरुमा साना तथा मझौला उद्योग स्थापना र सञ्चालन गर्नु ।
- चिनी, तेल, मैदा लगायतका औद्योगिक कच्चा पदार्थको आपूर्ति सुनिश्चितता गर्दै कालोबजारी, उच्च मूल्य, कृत्रिम अभाव तथा सिन्डिकेटलाई नियन्त्रण गर्नु ।

### सम्भावना

- रसुवागढी भन्सारको भवन निर्माण अन्तिम चरणमा रहेको र सो स्थानबाट भन्सार, बैंक र अध्यागमनको सुविधा एकै स्थानबाट दिन सकिने भएकोले ओद्योगिक उत्पादनको आयात निर्यात, व्यापार र पर्यटन आगमनमा टेवा पुग्ने साथै उक्त जिल्ला तथा आसपासका जिल्लाबाट उत्पादित वस्तुको निर्यात बढ्ने सम्भावना रहेको छ ।
- पछिल्लो दशकमा पशुपन्छी पालनको व्यवसाय बढ्दै गएको परिपेक्ष्यमा काठमाडौं उपत्यका, चितवन लगायतका क्षेत्रमा ससेज, frozen meat, frozen momo लगायतका मासुजन्य उत्पादनको बजार विस्तारको सम्भावना रहेको छे ।
- यस प्रदेशमा मासुजन्य उत्पादनको प्रयोग बढी भएकोले जनावरको byproduct लाई कच्चा पदार्थका रुपमा प्रयोग हुने कस्मेटिक्स, औषधी लगायतका उद्योगको सम्भावना रहेको ।
- शहरी क्षेत्रमा इन्टरनेट प्रयोगकर्ता तथा अनलाइन सेवा प्रदायकहरुको बढ्दो उपस्थितिले साना तथा घरेलु उद्योगको उत्पादन तथा बजारीकरणलाई सहज बनाउने तथा भौतिक रुपमा उपस्थित जनाउन आउटलेट खोल्नुपर्ने खर्चको न्यूनीकरण हुने सम्भावना रहेको ।
- विद्युतको उत्पादन बढ्दै गएको तथा प्रसारण लाइन र सवस्टेसन निर्माणको कामले प्राथमिकता पाएकोले उद्योगले मागेजति विद्युत पाउने र उत्पादन क्षमता बढ्ने तथा लागत घट्ने सम्भावना रहेको ।

# परिच्छेद ५ : सेवा क्षेत्र


सेवा क्षेत्र अन्तर्गत पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट सम्बन्धी कारोबार, वित्तीय सेवा र यातायात सेवाहरु समेटिएको छ । पछिल्लो सयममा कोभिड-१९को संक्रमणदरमा आएको कमीसँगै सेवा क्षेत्र क्षेत्र विस्तार हुने क्रममा देखिन्छ ।

## ५.१ पर्यटन

यस प्रदेशमा विमानस्थलको संख्या ३ रहेको र सबै सञ्चालनमा रहेका छन् । त्यसैगरी, यस प्रदेशमा ५६ धार्मिक स्थल, ८ विश्व सम्पदा सुचीमा सूचीकृत सम्पदा र १९ पर्यटकीय पार्क रहेका छन् ।

समीक्षा वर्षमा अध्ययनमा समेटिएका होटलहरुको औसत अकुपेन्सी ४५.२ प्रतिशत रहेको छ । अघिल्लो वर्ष औसत अकुपेन्सी ३६.२ प्रतिशत रहेको थियो । कोभिडको असर न्युन हुँदै गएको, देशका अधिकांश जनताले भ्याक्सिन लगाएको, आन्तरिक तथा वाह्य पर्यटकीय गतिविधिमा उत्साह थपिएको लगाएतका कारण पर्यटन आगमनको लय कोभिड अगाडि कै अवस्थामा फर्किने देखिएको छ । २०७९ साउनदेखि होटलहरुको अकुपेन्सीमा क्रमशः सुधार भएको देखिएको छ । आर्थिक वर्ष २०७९/८० को साउन र माघ महिना बाहेकका महिनाहरुमा अकुपेन्सी ४० भन्दा माथि रहेको छ । २०७९ साउनमा ३५.०६ प्रतिशत रहेको अकुपेन्सी २०८० बैशाखमा ५३.५६ प्रतिशत पुगेको छ ।

**चार्ट ५.१: बागमती प्रदेशमा नमुना छनौटमा परेका होटलको अकुपेन्सी (प्रतिशत)**




*स्रोतः स्थलगत सर्वेक्षण ।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्या १७.९ प्रतिशतले घटेको छ (तालिका ५.२) । गत वर्षको सोही अवधिमा सो संख्या २१.६ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशनबापतको राजस्व २६.२ प्रतिशतले घटेर रु.१८ अर्ब २७ करोड कायम भएको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्व ३.३ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा घर/भवन नक्सापास सङ्ख्या ३७.४ प्रतिशतले घटेको छ ।

**तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट**


| शीर्षक | २०७९ असार | २०८० असार | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | १६०,६२१ | १३१,८१९ | -१७.९ |
| घर/भवन स्थायी नक्सा पास सङ्ख्या | २७,४५९ | १७,२०० | -३७.४ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.करोडमा) | २४,७६६.२१ | १८,२७०.६३ | -२६.२ |

*स्रोत : मालपोत कार्यालय तथा महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका कार्यालय ।*

## ५.३ वित्तीय सेवा

यस प्रदेशमा आर्थिक वर्ष २०८० असार मसान्तसम्ममा वाणिज्य बैंकका १८२४, विकास बैंकका ३३२, वित्त कम्पनीका १०६, लघुवित्त वित्तीय संस्थाका ७६३ तथा पूर्वाधार विकास बैंकको १ गरी जम्मा ३०२६ शाखा सञ्चालनमा रहेका छन् । यसमध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी (११९१) तथा रसुवा जिल्लामा सबैभन्दा कम (५२) शाखा सञ्चालनमा रहेका छन् ।


**चार्ट ५.२ : बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

२०७४ को मौद्रिक नीतिमा सबै स्थानीय तहमा बाणिज्य बैंकको शाखा स्थापना गर्नुपर्ने व्यवस्था पश्चात बागमती प्रदेशका सबै ११९ स्थानीय तहहरुमा बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति रहेको छ । बैंक तथा वित्तीय संस्थाले यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप २०७९ असार मसान्तको तुलनामा १०.२ प्रतिशतले वृद्धि भई २०८० असार मसान्तसम्ममा रु.३८ खर्ब ६८ अर्ब ३९ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ९.४ प्रतिशतले वृद्धि भएको थियो ।

**चार्ट ५.३: निक्षेप तथा कर्जा स्थिति (रु.दश लाखमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

२०८० असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा २०७९ असार मसान्तको तुलनामा ४.९ प्रतिशतले वृद्धि भई रु.२७ खर्ब ५० अर्ब १३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो कर्जा ११.४ प्रतिशतले वृद्धि भएको थियो। २०८० असार मसान्तमा कर्जा निक्षेप अनुपात ७१.१ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अनुपात ७४.७ प्रतिशत रहेको थियो।

२०८० असार मसान्तसम्म कुल कर्जाको तुलनामा पुनरकर्जाको हिस्सा ०.०२ प्रतिशत रहेको छ। अघिल्लो वर्ष पुनरकर्जाको हिस्सा १.५७ प्रतिशत रहेको थियो। कुल रु.५९ करोड ४६ लाख पुनरकर्जा प्रवाहित भएकोमा साधारण पुनरकर्जाको हिस्सा १०० प्रतिशत रहेको छ।

२०८० असार मसान्तसम्म कुल कर्जाको तुलनामा सहुलियतपूर्ण कर्जाको हिस्सा २.४४ प्रतिशत रहेको छ। यस प्रदेशमा प्रवाहित सहुलियत पूर्णकर्जामध्ये व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा शीर्षकमा सबैभन्दा बढी ६९.१ प्रतिशत तथा महिला उद्यमशील कर्जा शीर्षकमा २६.८ प्रतिशत कर्जा बक्यौता रहेको छ भने अन्य शीर्षकमा नगन्य मात्रामा कर्जाको बक्यौता रहेको छ।

**तालिका ५.२ : बागमती प्रदेशमा प्रवाहित सहुलियतपूर्णकर्जाको शीर्षकगत बक्यौता रकमको विवरण**

| क्र.सं. | सहुलियतपुर्ण कर्जाको प्रकार | कर्जा रकम (रु. दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| १ | कपडा उद्योग सञ्चालनका लागि कर्जा | १,३२०.७९ | २.० |
| २ | CTEVT बाट मान्यता प्राप्त संस्थाबाट दिइने तालिम | ०.१८ | ०.० |
| ३ | दलित समुदाय व्यवसाय विकास कर्जा | १७४.०० | ०.३ |
| ४ | भुकम्प प्रभावित निजी आवास निर्माण कर्जा | १,००७.३२ | १.५ |
| ६ | शिक्षित युवा स्वरोजगार कर्जा | २०.९२ | ०.० |
| ७ | विदेशवाट फर्कका युवा परियोजना कर्जा | १५१.३९ | ०.२ |
| ८ | उच्च र प्राविधिक/व्यवसायीक शैक्षिक कर्जा | २४.६४ | ०.० |
| ९ | व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा | ४६,३७७.७५ | ६९.१ |
| १० | महिला उद्यमशील कर्जा | १८,०१७.२३ | २६.८ |
| ११ | युवावर्ग स्वरोजगार कर्जा | २०.३० | ०.० |
| | **जम्मा** | **६७,११४.५३** | १००.० |

*स्रोत: नेपाल राष्ट्र बैंक।*

## ५.४ फण्ड ट्रान्सफर

समीक्षा वर्षमा बागमती प्रदेशमा रहेका १० वटा नोटकोषमा दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट, काभ्रेपलाञ्चोक र रामेछापमा रहेका नोटकोषमा मुद्रा व्यवस्थापन विभागबाट रु.४ अर्ब ६५ करोड फण्ड ट्रान्सफर भएको छ। गत वर्षको सोही अवधिमा रु.६ अर्ब ४० करोड फण्ड ट्रान्सफर भएको थियो।

## ५.५ शिक्षा

समीक्षा वर्षमा बागमती प्रदेशमा कुल विद्यालय (सरकारी/सामुदायिक, संस्थागत/निजी, प्राविधिक) संख्या ८.३ प्रतिशतले ह्रास भई ११,२६३ पुगेको छ। अघिल्लो वर्षमा कुल विद्यालय संख्या १२,२८७ रहेको थियो। २०८० असार मसान्तसम्म सरकारी/सामुदायिक विद्यालयका विद्यार्थी संख्या न्यून प्रतिशतले घटेको छ, भने संस्थागत/निजी विद्यालयका विद्यार्थी संख्या १९.२ प्रतिशतले बढेको छ।

## ५.६ स्वास्थ्य

बागमती प्रदेशमा २०७९ फागुनसम्ममा कुल प्रादेशिक अस्पताल १३, स्वास्थ्य कार्यलय १३, आयुर्वेद स्वास्थ्य केन्द्र १३, आयुर्वेद औषधी उत्पादन केन्द्र १, प्राथमिक स्वास्थ्य केन्द्र ४०, स्वास्थ्य चौकी ६४३, शहरी स्वास्थ्य केन्द्र २००, सामुदायिक स्वास्थ्य ईकाइ १८८, आयुर्वेद औषधालय ५१, निजी अस्पताल १४२०, नागरिक आरोग्य केन्द्र ५१ गरी २७३३ स्वास्थ्य संस्था रहेका छन् (स्रोत: प्रदेश आर्थिक सर्वेक्षण, २०८०)।

२०८० असार मसान्तसम्मा बागमती प्रदेशमा सरकारी र निजी अस्पतालको संख्या २१५ रहेको छ भने २०७९ असार मसान्तसम्म कुल १८८ अस्पतालहरु रहेका थिए। समीक्षा अवधिमा सरकारी अस्पतालमा कार्यरत चिकित्सक संख्या ५.३ प्रतिशतले वृद्धि भई २३५१ पुगेको छ भने निजी अस्पतालहरुमा कार्यरत चिकित्सक संख्या १०.० प्रतिशतले वृद्धि भई ७७६३ पुगेको छ। त्यसै गरी, यस प्रदेशमा रहेका शैया संख्या सरकारी अस्पतालमा ३.० प्रतिशत र निजी अस्पतालमा ५.४ प्रतिशतले वृद्धि भएको छ।

## ५.७ यातायात

२०८० असार मसान्तसम्ममा बागमती प्रदेशमा सवारी दर्ता संख्या ४३.६ प्रतिशतले घटेर ८५ हजार १ सय २६ पुगेको छ। यस मध्ये मोटरसाईकल सङ्ख्या ४३.८ प्रतिशत तथा अन्य सवारी साधन संख्या ४२.७ प्रतिशतले घटेको छ।

## ५.८ सेवा क्षेत्र कर्जा

२०८० असार मसान्तसम्म यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा ०.७ प्रतिशतले घटी रु.१६ खर्ब ६९ अर्ब ४१ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा २२.४ प्रतिशतले बढेको थियो। कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ६०.७ प्रतिशत रहेको छ।

कुल सेवा क्षेत्र कर्जामध्ये पर्यटन क्षेत्रमा प्रवाहित कर्जा ७.४ प्रतिशत, थोक तथा खुद्रा विक्रेता क्षेत्रमा २.८ प्रतिशत, उपभोग्य कर्जामा ८.४ प्रतिशतले वृद्धि भएको छ भने वित्त, बीमा तथा अचल सम्पत्ति क्षेत्रमा प्रवाहित कर्जा १३.१ प्रतिशत, यातायात, भण्डारण र सञ्चार क्षेत्रमा प्रवाहित कर्जा ०.७ प्रतिशत र अन्य सेवा क्षेत्रमा ४५.३ प्रतिशतले कमी आएको छ।

**तालिका ५.३: जिल्लागत सेवा क्षेत्र कर्जा**

| जिल्ला | रकम (रु दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---:|---:|
| दोलखा | ५,४४२.१६ | ०.३ |
| सिन्धुपाल्चोक | ५,२९८.१६ | ०.३ |
| रसुवा | १,८८५.८८ | ०.१ |
| धादिङ्ग | २३,४४०.७८ | १.४ |
| नुवाकोट | १३,५२५.०४ | ०.८ |
| काठमाडौं | १,२३७,४३३.४८ | ७४.१ |
| भक्तपुर | ४७,२०१.७५ | २.८ |
| ललितपुर | ११९,५४५.१३ | ७.२ |
| काभ्रेपलाञ्चोक | ३७,०९०.०३ | २.२ |
| रामेछाप | ३,५३१.६९ | ०.२ |
| सिन्धुली | १०,५२९.७३ | ०.६ |
| मकवानपुर | ४५,७९१.९० | २.७ |
| चितवन | ११८,६९०.४२ | ७.१ |
| **जम्मा** | १,६६९,४०६.१४ | १००.० |

*स्रोत: नेपाल राष्ट्र बैंक।*

सेवा क्षेत्र अन्तर्गत प्रवाह भएको कर्जामा काठमाडौं जिल्लाको अंश सबैभन्दा बढी (७४.१ प्रतिशत) र रसुवा जिल्लाको अंश सबैभन्दा कम ०.१ प्रतिशत रहेको छ (तालिका ५.३) । अधिकांश बैंक तथा वित्तीय संस्थाको केन्द्रीय कार्यालय काठमाडौंमा रहेको र ठूला रकमको कर्जा स्वीकृति केन्द्रीय कार्यालयबाट हुने भएकोले सेवा कर्जाको उच्च हिस्सा काठमाडौंमा रहेको देखिन्छ ।

## ५.९ सहकारी

समीक्षा वर्षमा यस प्रदेशका सहकारीहरुमध्ये नमुना छनोटमा परेका १० वटा सहकारीहरुको २०८० असार मसान्तसम्म कुल पुँजी रु.५ अर्ब ५० करोड रहेको छ (तालिका ५.६) । त्यसैगरी, यी सहकारी संस्थाहरूमा रु.१७ अर्ब ९९ करोड कुल बचत रहेको छ भने कुल ऋण रु.१५ अर्ब १४ करोड रहेको छ । यी सहकारी संस्थाहरूमा कुल बचत २०७९ असार मसान्तको तुलनामा ७.० प्रतिशत र कुल कर्जा १२.१ प्रतिशतले घटेको छ । अध्ययनमा समेटिएका सहकारी संस्थाहरुको २०८० असार मसान्तसम्म कुल १२९,११३ सदस्यहरु र कुल ३६८ जना कर्मचारीहरु रहेका छन् । समीक्षा वर्षमा नमूना छनौटमा समेटिएका सहकारी संस्थाहरुमा कर्मचारी संख्या २७.१ प्रतिशतले घटेको छ । पछिल्लो समय यस क्षेत्रमा विभिन्न प्रकारका असहजता सिर्जना भएकाले जनस्तरमा विश्वसनीयता धर्मराएको अवस्था छ ।

**तालिका ५.४ : छनौटमा परेका १० सहकारी संस्थाहरूको असार मसान्तसम्मको विवरण**

| विवरण | दुई वर्ष अघि आ.व. २०७७/७८ | गत अवधि आ.व. २०७८/७९ | समीक्षा अवधि आ.व. २०७९/८० | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुल पूँजी (रु.करोडमा) | ५०२.८७ | ५६४.६१ | ५५०.९० | १२.३ | -२.४ |
| कुल बचत (रु. करोडमा) | १,८२७.७५ | १,९३३.४२ | १,७९८.८२ | ५.८ | -७.० |
| कुल ऋण (रु. करोडमा) | १,४३९.०१ | १,७२२.०० | १,५१४.३६ | १९.७ | -१२.१ |
| सदस्य सङ्ख्या | १२४,५९७ | १२७,८६४ | १२९,११३ | २.६ | १.० |
| कर्मचारी सङ्ख्या | ४५७ | ५०५ | ३६८ | १०.५ | -२७.१ |

*स्रोत: अध्ययन क्षेत्रका सहकारी संस्थाहरू ।*

## ५.१० प्रदेश सरकारी वित्त

आर्थिक वर्ष २०७९/८० मा बागमती प्रदेश सरकारले कुल रु.७० अर्ब ९४ करोड बजेट बिनियोजन गरेकोमा आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशको विवरण अनुसार रु.४७ अर्ब १ करोड खर्च भएको छ । उक्त रकम कुल विनियोजनको ६६.३ प्रतिशत हो । चालु खर्चतर्फ विनियोजनको ६७.० प्रतिशत र पुँजीगत खर्चतर्फ विनियोजनको ६७.६ प्रतिशत खर्च भएको छ ।

बागमती प्रदेश सरकारले आ.व. २०७९/८० मा कर र गैर कर राजस्व गरी कुल राजस्व रु.३३ अर्ब २० करोड परिचालन गर्ने अनुमान गरेकोमा २०८० असार मसान्तसम्म रु.२७ अर्ब ४ करोड राजस्व संकलन भएको छ जुन कुल राजस्व अनुमानको तुलनामा ८१.४ प्रतिशत हो ।

आ.व. २०७९/८० मा बागमती प्रदेश सरकाले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.२१ अर्ब ७ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०८० असार मसान्तसम्ममा कुल रु.१७ अर्ब ४० करोड अनुदान प्राप्त गरेको छ ।

**तालिका ५.५: सरकारी वित्त स्थिति***

*रु. अर्बमा*

| शीर्षक | २०७८/७९ | | | २०७९/८० | | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ | प्रगति प्रतिशत | बजेट | यथार्थ | प्रगति प्रतिशत |
| **कुल खर्च** | **५७.७२** | **३७.९९** | **६५.८** | **७०.९४** | **४७.०१** | **६६.३** |
| चालु | २२.५१ | १५.७० | ६९.८ | २७.०७ | १८.१३ | ६७.० |
| पुँजीगत | ३३.२२ | २१.०० | ६३.२ | ४१.८५ | २८.२८ | ६७.६ |
| वित्तिय | २.०० | १.३० | ६५.० | २.०० | ०.६० | ३०.० |
| **राजस्व** | **३०.६४** | **३२.०३** | **१०४.५** | **३३.२०** | **२७.०४** | **८१.४** |
| विविध प्राप्ति** | १०.१५ | २४.८३ | २४४.६ | २४.७ | ३३.३९ | १३५.२ |
| अनुदान | १६.९३ | १५.६८ | ९२.६ | २१.०७ | १७.४० | ८२.३ |

*स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश*

* बजेट र यथार्थको रकम रु.अर्बमा प्रस्तुत गरिएको ।

** विविध प्राप्तिमा बेरुजु, निकासा फिर्ता, अनुदान फिर्ता र गत वर्षको नगद मौज्दात समावेश गरिएको ।

## ५.११ स्थानीय तहहरुको बजेट स्थिति

बागमती प्रदेशमा रहेका स्थानीय तहहरुमध्ये छनौट गरिएको ५ स्थानीय तहहरु (काठमाडौं, भरतपुर, ललितपुर, भक्तपुर, हेटौंडा) ले आर्थिक वर्ष २०७९/८० मा रु.२० अर्ब ९५ करोड रकम प्राप्त गरेका छन् जुन बजेटमा विनियोजित गरिएको रकमको ५०.३ प्रतिशत हो । अघिल्लो आर्थिक वर्षको तुलनामा वास्तविक रुपमा प्राप्त भएको यस्तो रकम २.७ प्रतिशतले घटेको छ ।

आर्थिक वर्ष २०७९/८० मा यी स्थानीय तहहरुले रु.४१ अर्ब ६२ करोड रकम खर्च विनियोजन गरेका छन् जसमा पुँजीगत खर्चको हिस्सा ६१.९ प्रतिशत, चालु खर्चको हिस्सा ३७.३ प्रतिशत र वित्तीय खर्चको हिस्सा ०.८ प्रतिशत रहेको छ । उक्त स्थानीय तहहरुले वास्तविक रुपमा भने कुल विनियोजित बजेटको ५१.५ प्रतिशत रकम खर्च गरेका छन् जसमा पुँजीगत खर्चको हिस्सा ४५.६, चालु खर्चको हिस्सा ५३.३ र वित्तीय खर्चको हिस्सा १.१ रहेको छ । अघिल्लो वर्ष उक्त स्थानीय तहहरुले विनियोजित कुल बजेटको ५७.८ प्रतिशत वास्तविक खर्च गरेका थिए ।

**तालिका ५.६: बागमती प्रदेशको स्थानीय तहहरुको प्राप्ति खर्च विवरण***


रु. दश लाखमा

| विवरण | २०७८/७९ | | २०७९/८० | | वास्तविकको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | बजेट | वास्तविक | बजेट | वास्तविक | |
| कर | ८,५०४.३९ | ११,८६४.१५ | ११,२१५.८४ | ९,५७८.०६ | (१९.२७) |
| अनुदान | ८,४२१.३८ | ७,०७२.८६ | ९,२६६.९० | ७,८५५.८० | ११.०७ |
| *संघीय सरकार* | ७,३५०.८७ | ६,५००.२५ | ७,९५०.४९ | ७,१५७.६८ | १०.११ |
| *प्रदेश सरकार* | ६१६.१० | ४८०.११ | ६८४.४० | ५८१.७३ | २१.१७ |
| *आन्तरिक स्रोत* | ७२.५० | १०.८० | ६२.०० | - | (१००.००) |
| *वैदेशिक स्रोत* | ५१.९१ | - | ७०.०० | - | - |
| *जनसहभागिता* | ३३०.०० | ८१.७१ | ५००.०० | ११६.३८ | ४२.४४ |
| अन्य राजस्व | ३,८८८.१६ | २,४४८.५१ | ३,३००.९५ | ३,४२२.५५ | ३९.७८ |
| दायित्व | २९०.०० | ११४.६७ | - | - | (१००.००) |
| विविध प्राप्ति | १३.५४ | ३३.१० | ३०.६९ | ११.५९ | (६४.९८) |
| वित्तीय सम्पत्ति | - | - | १७,५३३.३८ | - | - |
| **क. कुल प्राप्ति** | **२१,११७.४७** | **२१,५३३.२९** | **४१,६१७.७५** | **२०,९५२.४५** | **(२.७०)** |
| **ख. कुल खर्च** | **३०,१५२.२१** | **१७,४१९.०९** | **४१,६१७.७५** | **२१,४४३.९३** | **२३.११** |
| *चालु* | १२,२८०.२५ | ९,२४८.९६ | १५,५०८.१५ | ११,४३७.१२ | २३.६६ |
| *पुँजीगत* | १७,४८८.०२ | ७,९६४.१४ | २५,७६४.५७ | ९,७६९.७५ | २२.६७ |
| *वित्तीय* | ३८३.९५ | २०६.०० | ३४५.०२ | २३७.०७ | १५.०८ |
| **बचत (न्युन) रकम (क-ख)** | **(९,०३४.७४)** | **४,११४.२०** | **०.००** | **(४९१.४८)** | **(१११.९५)** |

*स्रोत: महालेखा नियन्त्रण कार्यालय*

* अध्ययनमा समेटिएको ५ वटा स्थानीय तहहरु (काठमाडौं, भरतपुर, ललितपुर, भक्तपुर, हेटौंडा)को बजेट र यथार्थको रकम प्रस्तुत गरिएको ।

**चार्ट ५.४: २०७९/८० मा ५ वटा स्थानीय तहहरुको खर्च विवरण (रु.अर्बमा)**




*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

अध्ययनमा समेटिएको स्थानिय तहहरुमध्ये आर्थिक वर्ष २०७९/८० मा कुल विनियोजित बजेटको तुलनामा सबैभन्दा बढी हेटौंडा उपमहानगरपालिकाले ७५.१ प्रतिशत वास्तविक खर्च गरेको छ भने काठमाडौं महानगरपालिकले सबैभन्दा कम ४०.२ प्रतिशत वास्तविक खर्च गरेको छ। यसैगरी, भरतपुर महानगरपालिका, ललितपुर महानगरपालिका र भक्तपुर नगरपालिकाले कुल विनियोजित बजेटको क्रमश: ६५.९५ प्रतिशत, ५८.८ प्रतिशत र ७०.६ प्रतिशत वास्तविक खर्च गरेका छन् ।

**तालिका ५.७: २०७९/८० मा ५ स्थानीय तहमा संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान***

रु. दश लाखमा


| विवरण | संघीय सरकारबाट | प्रदेश सरकारबाट | जम्मा प्राप्त | गत वर्ष प्राप्त |
|---|---|---|---|---|
| समानीकरण अनुदान | २,२१६.०२ | २३६.५८ | २,४५२.६१ | २,५५२.२६ |
| शसर्त अनुदान | ४,८७५.७० | २७२.४१ | ५,१४८.१० | ४,२८४.५३ |
| विषेश अनुदान | ३७.४६ | ५.३४ | ४२.८० | ७१.८३ |
| समपुरक अनुदान | २८.५० | ६७.४० | ९५.९१ | ६३.१४ |
| अन्य अनुदान | - | - | - | ८.६० |
| **जम्मा** | **७,१५७.६८** | **५८१.७३** | **७,७३९.४१** | **६,९८०.३५** |

*स्रोत: महालेखा नियन्त्रण कार्यालय*

* अध्ययनमा समेटिएको ५ स्थानीय तहहरु (काठमाडौं,भरतपुर, ललितपुर, भक्तपुर, हेटौंडा)को बजेट र यथार्थको रकम प्रस्तुत गरिएको ।

अध्ययनमा समेटिएका ५ स्थानीय तहहरुले आर्थिक वर्ष २०७९/८० मा संघीय सरकारबाट कुल रु.७ अर्ब १६ करोड र प्रदेश सरकारबाट रु.५८ करोड १७ लाख गरी कुल रु.७ अर्ब ७४ करोड अनुदान प्राप्त गरेका छन् जुन अघिल्लो वर्ष भन्दा ११.० प्रतिशतले बढी हो। कुल अनुदान रकममा संघीय सरकारको अनुदानको हिस्सा ९२.५ प्रतिशत रहेको छ भने प्रदेश सरकारको अनुदानको हिस्सा ७.५ प्रतिशत रहेको छ। यसैगरी संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त कुल अनुदानमा शर्सत अनुदानको हिस्सा ६६.५ प्रतिशत र समानीकरण अनुदानको हिस्सा ३१.७ प्रतिशत रहेको छ ।

**चार्ट ५.५: संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान (रु. दश लाखमा)**




*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

काठमाडौं महानगरपालिकाले समानीकरण र सशर्त अनुदान गरी कुल रु.२ अर्ब ४२ करोड रकम प्राप्त गरेको छ भने भक्तपुर नगरपालिकाले समानीकरण, शसर्त, विशेष, समपुरक अनुदान गरी कुल रु.६८ करोड ६८ लाख रकम अनुदान प्राप्त गरेको छ । यसैगरी भरतपुर महानगरपालिकाले समानीकरण, शसर्त र विशेष र समपुरक अनुदान गरी कुल रु.२ अर्ब १८ करोड, ललितपुर महानगरपालिकाले समानीकरण, शसर्त र समपुरक गरी कुल रु.१ अर्ब २६ करोड र हेटौंडा उपमहानगरपालिकाले समानीकरण, सशर्त र समपुरक गरी कुल रु.१ अर्ब १८ करोड रकम अनुदान प्राप्त गरेका छन् ।

## ५.१२ सेवा क्षेत्रको चुनौती र सम्भावना

### चुनौती

- सहकारीका सदस्यहरुले समयमा आफ्नो बचत फिर्ता नपाउने समस्या र सहकारीहरुमा वित्तीय ठगीका कारण सहकारी संस्था प्रति गुमेको विश्वास फिर्ता गर्नु ।
- प्रदेश तथा स्थानीय सरकारको पुँजीगत खर्च समयमा खर्च नहुने समस्याको कारणहरु पहिचान गरी समयमा पुँजीगत खर्च गर्ने व्यवस्था मिलाउनु ।
- प्रमुख पर्यटकीय गन्तव्यहरुमा खानेपानी, नि:शुल्क शौचालय, सरसफाई, ढल व्यवस्थापन, नि:शुल्क इन्टरनेट जस्ता आधारभूत सुविधा उपलब्ध गराइ ब्यागेज जाँच, पर्यटक प्रहरी, पर्यटकीय क्षेत्र समेटिएको डिजिटल नक्सा, द्रुत उद्धार टीम, एक द्वार प्रणाली तथा २४ सै घण्टा सम्पर्क गर्न सकिने हटलाइन नम्बरको व्यवस्था गर्नु ।
- विदेशी तथा स्वदेशी पर्यटन प्रवर्द्धन गर्न प्रदेशका विभिन्न पर्यटकीय गन्तव्यहरुमा गुणस्तरीय होटेल तथा यातायात सुविधाको विकास गर्नु ।
- सेवाग्राहीको चाप बढी रहने सरकारी कार्यालयहरुमा इन्टरनेट, सफ्टवेयर, कम्प्युटर तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी छिटो-छरितो सेवा प्रवाह गर्नु ।
- Utility Corridor को कार्यान्वयन गर्न, विद्युत्तीय फोहोर व्यवस्थापन (E-waste Management) एवम् डिजिटल तथ्यांकको सुरक्षित भण्डारण एवम् सञ्चालन गर्नु ।

- यस प्रदेशमा रहेका सरकारी तथा निजी स्वास्थ्य संस्थाहरुमा पर्याप्त चिकित्सक, शैया, आधुनिक उपकरण तथा पर्याप्त औषधिको व्यवस्था गर्नु ।
- उपत्यका तथा ठूला महानगरहरुमा खुला रुपमा छाडिएका कुकुर तथा पशुचौपायाहरुको नियन्त्रण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु र सोबाट फैलिन सक्ने रोग नियन्त्रण गर्नु ।

### सम्भावना

- यस प्रदेशमा रहेका गोसाईकुण्ड, लाङटाङ, पाँच पोखरी जस्ता प्रसिद्ध पदमार्गहरु लाई व्यवस्थित बनाई उक्त पदमार्गहरुमा रहेका होटल तथा पदमार्गसम्मा पुग्ने बाटोको स्तरोन्नत्ती गर्न सकेमा विदेशी तथा स्वदेशी पर्यटकहरुलाई अझ आकर्षण गर्न सक्ने सम्भावना रहेको ।
- यस प्रदेशमा शिक्षा, स्वास्थ्य र सार्वजनिक सेवा प्रवाहलाई डिजिटलाइज गरी आधारभूत सेवालाई चुस्त तथा गुणस्तर वृद्धि गर्न तथा पेपरलेस बनाउन सकिने सम्भावना रहेको ।
- सार्वजनिक यातायातमा भाडा भुक्तानीलाई क्यु-आर कोड डिजिटाइज गर्न सकिने सम्भावना रहेको । अधिकांश व्यापार व्यवसायलाई अनलाईनमार्पत संचालन गर्न सकिने सम्भावना बढेको ।
- दोलखाको जिरी उपत्यकामा कृषि फर्म, मानवनिर्मित पोखरी, होमस्टे लगायतका कार्यक्रम गरी हरित शहरको रुपमा विकास गर्न सकिने सम्भावना रहेको ।
- शैक्षिक पूर्वाधार र सूचना प्रविधिमा पहुँच राम्रो रहेको तथा शिक्षामा निजी क्षेत्रको आकर्षण राम्रो रहेकोले काठमाडौं उपत्यका तथा चितवनलाई देशकै शिक्षाको हबको रुपमा विकास गर्न सकिने सम्भावना
  रहेको ।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

पूर्वाधार निर्माण क्षेत्रमा सडक विभाग, जिल्ला पूर्वाधार विकास कार्यालय, स्थानीय तह, भवन निर्माण कार्यालय जस्ता संयन्त्रहरू क्रियाशिल रहेका छन् ।

**तालिका ६.१: सडक पूर्वाधारतर्फ आ.व २०७९/८० सम्मको भौतिक प्रगति**

| विवरण | एकाई | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. कच्ची सडक | कि.मि | ३९६ | १३९.५ | ६६.०८ | १६०.१ | २८१.८६ | १०४३.६ |
| २. ग्राभेल सडक | कि.मि | १४१.८ | १९०.६ | २४६.४ | २००.८ | १५९.०८ | ९३८.७ |
| ३. कालोपत्रे स | कि.मि | ६७.५९ | १५२.८ | १९९.१ | ११६.९ | १४३.९४ | ६८०.१ |
| ४. ढलान सडक | कि.मि | ० | ४०.५५ | ४०.३५ | ७३.९३ | १२८.४१ | २८३.२ |
| ५. सडक पुल | गोटा | १४ | १८ | १८ | १९ | ३३ | १०२ |
| ६. झोलुंगे पुल | गोटा | | | १ | ६ | ६ | १३ |

*स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय, मकवानपुर ।*

आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशमा सडकतर्फ २९४५.७ कि.मि.सडकमध्ये कुल कच्ची सडक १०४३.६ कि.मि., ग्राभेल सडक ९३८.७ कि.मि., कालोपत्रे सडक ६८०.१ कि.मि. तथा ढलान सडक २८३.२ कि.मि. चालु अवस्थामा रहेका छन् । यसैगरी, यस अवधिसम्ममा १०२ वटा सडक पुल र १३ वटा झोलुंगे पुल निर्माण भएका छन् ।

सडक क्षेत्रको लागि आवश्यकता अनुसार वायो-ईन्जीनियरिङ्ग तथा सडक सुरक्षाका पूर्वाधारहरुको निर्माण कार्यहरु भईरहेको अवस्था छ । त्यसैगरी, प्रमुख प्रादेशिक सडकहरुको नियमित, पटके तथा आकस्मिक मर्मत तथा सम्भार कामहरु पनि निरन्तर रुपमा भइरहेका छन् ।

**तलिका ६.२: राष्ट्रिय गौरवका आयोजनाको विवरण**

| क्र.सं. | आयोजनाको नाम | शुरु मिति | लक्ष्य | सम्पन्न हुने मिति | संशोधित लागत (रु.) | समष्टिगत प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | भौतिक | वित्तीय |
| १. | सुनकोशी मरिन डाइभर्सन आयोजना | २०७३/७४ | १२२,०००, हेक्टर<br>२८.६ मेगावाट | २०८४/८५ | ४६ अर्ब १९ करोड | २१.४ | १९.२ |
| २. | माथिल्लो तामाकोशी जलविद्युत् आयोजना | २०६७/६८ | ४५६ मेगावाट | २०७७/७८ | ५२ अर्ब ८ करोड | सम्पन्न | |
| ३. | विद्युत् प्रशारण आयोजना | २०६७/६८ | ४०० के.भि.<br>२८९ कि.मि. आन्तरिक<br>२३ कि.मि. अन्तरदेशीय | २०८४/८५ | ६१ अर्ब २६ करोड | ५६ | ५६ |
| ४. | हुलाकी राजमार्ग | २०६६/६७ | १७९२.४२ कि.मि. | २०८३/८४ | ६५ अर्ब २० करोड | ९१ | ९१ |
| ५. | पुष्पलाल (मध्य-पहाडी) लोकमार्ग | २०६४/६५ | १४१७ कि.मि. | २०८४/८५ | ८४ अर्ब ३३ करोड | ७२.७ | ७६.८ |
| ६. | काठमाडौं तराई-मधेस द्रुत मार्ग | २०७४/७५ | ७१ कि.मि. | २०८३/८४ | २ खर्ब ११ अर्ब ९३ करोड | २५.५४ | २८.११ |

| क्र.सं. | आयोजनाको नाम | शुरु मिति | लक्ष्य | सम्पन्न हुने मिति | संशोधित लागत (रु.) | समष्टिगत प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | भौतिक | वित्तीय |
| ७. | मेलम्ची खानेपानी आयोजना | २०५५ | ५१ करोड लिटर | २०८०/८१ (दोस्रो चरण) | ३१ अर्ब ३६ करोड | ९९.५२ | ९२.२ |
| ८. | पशुपती क्षेत्र विकास कोष | २०५७/५८ | २८६.६ हेक्टर | निरन्तर | २ अर्ब ३ करोड | ६६ | ६५.७३ |
| ९. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | २०७१/७२ | तराई मधेशका ३७ जिल्ला | २०९३/९४ | ५ खर्ब ९० अर्ब ७६ करोड | ५.७९ | ५.६३ |

*स्रोत : अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय गौरवका आयोजनाहरु ।*

**बक्स ७ : सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना**



सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना बागमती प्रदेशको सिन्धुली र रामेछाप जिल्लामा मुख्य संरचना रहने गरी निर्माण गर्न लागिएको हो । यस आयोजनाको कुल लागत रु.४६ अर्व १९ करोड रहेको छ । आ.व २०८४/८५ मा सम्पन्न गर्ने लक्ष्य (संशोधित) लिएको यस आयोजनाको शिलान्यास २०७७ फागुन २० मा तत्कालिन प्रधानमन्त्री के.पी. ओलीबाट भएको थियो । राष्ट्रिय योजना आयोगले आर्थिक रुपान्तरणकारी आयोजनाको रुपमा अघि सारेको यस आयोजनाको मुख्य उद्देश्य सुनकोशी नदीको पानी फर्काएर मरिन खोलामा झारी बागमती नदीको बागमती सिँचाइमार्फत मधेश प्रदेशको बारा, रौतहट, धनुषा, महात्तरी र सर्लाही गरी ५ जिल्लाका १२२ हजार हेक्टरमा सिँचाई सुविधा पुऱ्याउने रहेको छ । आयोजनाले डाइर्भट गरिएको पानीबाट २८.६ मेगावाट विद्युत उत्पादन गर्ने तथा सो विद्युतलाई ४४ कि.मी. विद्युत प्रसारण लाइन निर्माण गरी राष्ट्रिय प्रसारण लाइनमा जोड्ने योजना रहेको छ । आयोजना सुरु गरिएको अवधि देखि आ.व. २०८०/८१ को चौथो त्रैमासससम्मको भौतिक प्रगति २१.४ प्रतिशत र वित्तीय प्रगति १९.२ प्रतिशत रहेको छ ।

*स्रोतः सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना, सिन्धुली ।*

**बक्स ८: काठमाडौं तराई मधेस द्रुतमार्ग आयोजना**

देशको संघीय राजधानीलाई तराई मधेससँग छोटो दुरीमा (७१ कि.मी.) जोडी यात्रा तथा ढुवानी सहज बनाउने उद्देश्य सहित काठमाडौं तराई मधेस द्रुतमार्ग आयोजना निर्माण गर्न लागिएको हो । आर्थिक वर्ष २०७३/७४ देखि यस आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा कार्यान्वयनमा ल्याइएको हो । एशियन हाइवे स्ट्यान्डर्डको (Class A, Four Lane) रुपमा निर्माण गरिने उक्त आयोजना आर्थिक वर्ष २०८३/८४ सम्म सम्पन्न हुने लक्ष्य (संशोधित) रहेको छ । यसमा ३ वटा सुरुङ मार्ग र ८७ वटा पुल सहितको यस द्रुतमार्गको निर्माण पश्चात् काठमाडौंबाट निजगढ सम्मको यात्रा करिब १ घण्टामै तय गर्न सकिन्छ । उक्त द्रुतमार्गको अनुमानित लागत रु.२ खर्व ११ अर्ब ९३ करोड रहेको छ । आर्थिक वर्ष २०७८/७९ सम्म आयोजनाको कुल लक्ष्यको तुलनामा यस आयोजनाको समष्टिगत भौतिक प्रगति २५.५ प्रतिशत र समष्टिगत वित्तीय प्रगति २८.१ प्रतिशत रहेको छ ।

*स्रोतः राष्ट्रिय योजना आयोग*

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र संभावना

### चुनौती

- कार्य शुरु हुनु अगाडि सम्बन्धित मन्त्रालय तथा निकायको पूर्वतयारी नपुग्नु, समस्याको समाधान समयमै नहुनु, बजेटको व्यवस्थापन नहुनु लगायतका कारणले राष्ट्रिय बजेटमा उल्लेख्य हिस्सा ओगट्ने तथा महत्व राख्ने राष्ट्रिय गौरवका आयोजनाको निर्माण समयमै सम्पन्न गर्नु ।
- निमार्णाधिन पुर्वाधारहरुले निम्त्याउन सक्ने दुर्घटना, विपद तथा जोखिमलाई न्यूनीकरण गर्दै कार्य सम्पन्न गर्नु ।
- वातावरणीय हिसाबले निर्माण गर्दा पर्न सक्ने नकारात्मक असरलाई न्यूनीकरण गर्नु ।
- आयोजनाको लागतमा पर्न जाने हेरफेरको सम्बोधन गर्दै स्रोतको उपलब्धता सुनिश्चित गर्नु ।
- निर्माण सम्पन्न भइसकेका आयोजनाको नियमित मर्मत सम्भार गरी आयोजनाको आयु बढाउनु ।

### सम्भावना

- प्रदेश गौरव आयोजनाको रुपमा रहेको रुवी भ्याली एकीकृत विकास आयोजनालाई प्रदेश सरकारको बजेट सहितको कार्य अगाडि बढाई त्यस क्षेत्रमा सडक, विजुली, होमस्टे लगायतका पूर्वाधारहरु निर्माणको सम्भावना रहेको ।
- प्रदेश भित्रका शहरी तथा शहरोन्मुख क्षेत्रमा फुटपात निर्माण, साइकल लेन, बँगैचा, फ्लाई आकासेपुल लगायतका लगायतको पूर्वाधार निर्माण गर्न सकिने सम्भावना रहेको ।
- प्रदेशका विकट क्षेत्रबाट शहरी इलाकासम्म सर्वसुलभ यात्रा गराउन इलेक्ट्रिक बस, चार्जिङ स्टेसन, ट्राम, केवलकार जस्ता आधुनिक पूर्वाधार आयोजनाहरुको आर्थिक तथा वित्तीय सम्भावना उच्च रहेको ।
- स्टिल, सिमेन्ट, तार लगायतका उत्पादनमा देश आत्मनिर्भर हुँदै गएकोले आपूर्ति श्रृंखला सहज हुने तथा गुणस्तरमा एकरुपता कायम हुने सम्भावना रहेको ।

## ६.३ रोजगारी

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २०८० असारसम्म यस प्रदेशबाट कुल ९६ हजार ९१ जना बेरोजगार सूचीकृत रहेका छन् (तालिका ६.४) । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २१४५ आयोजनाहरू सञ्चालनमा रहेका छन् । यस कार्यक्रम अन्तर्गतका आयोजनाहरू, रोजगारी जस्ता जिल्लागत विवरणहरू तालिका ६.३ मा उल्लेख गरिएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७९/८० मा सिन्धुली जिल्लामा सबैभन्दा बढी (३०२ वटा) र रसुवा जिल्लामा सबैभन्दा कम (३५ वटा) आयोजनाहरू रहेका थिए । त्यसैगरी, आ.व. २०७९/८० मा दोलखा जिल्लामा कुल सूचीकृत बेरोजगारको सङ्ख्या सबैभन्दा बढी देखिन्छ भने रोजगारी प्राप्त गरेको सङ्ख्या सबैभन्दा बढी धादिङ जिल्लामा देखिन्छ (तालिका ६.३) ।

**तालिका ६.३: जिल्लागत रोजगारीको विवरण**

| जिल्ला | आयोजना संख्या | सुचिकृत बेरोजगार संख्या | कुल रोजगारी प्राप्त संख्या | कुल रोजगारी दिन |
|---|---|---|---|---|
| दोलखा | १८७ | १६४६० | १३४७ | ११६२०४ |
| सिन्धुपाल्चोक | १८४ | १२७९५ | १३२२ | ११८१८४ |
| रसुवा | ३५ | १५८९ | २३८ | २३७३८ |
| धादिङ | २८० | ९७०२ | १४०९ | ९१३५९ |
| नुवाकोट | २५१ | ८९४२ | ९८९ | ९३३५९ |
| काठमाडौं | १३७ | २९७३ | ५२५ | ३८६९४ |
| भक्तपुर | ५२ | १८०९ | ३२९ | २०४७१ |
| ललितपुर | ९९ | २९२० | ४६३ | ३४११८ |
| काभ्रेपलाञ्चोक | २६९ | ८६२९ | १२२४ | ८९०७८ |
| रामेछाप | १२७ | ५६२९ | ९०२ | ५७३७० |
| सिन्धुली | ३०२ | १३४४३ | १३७४ | ११३४३९ |
| मकवानपुर | १५२ | ७५७२ | ८७१ | ७३३५५ |
| चितवन | ७० | ३६२८ | ४६७ | ४१५८८ |
| **जम्मा** | **२१४५** | **९६०९१** | **११४६०** | **७९२७७३** |

*स्रोत : प्रधानमन्त्री रोजगार कार्यक्रम*

## वैदेशिक रोजगारी

कोभिड-१९ को प्रभाव कम भई आर्थिक क्रियाकलाप सुचारु भए पश्चात् रोजगारीको अवस्थामा पनि उल्लेखनीय सुधार आएको छ। वैदेशिक रोजगार विभागबाट २०७९ साउन १ देखि २०८० असार मसान्तसम्म कुल ७ लाख ७१ हजार ३ सय २७ जनाको वैदेशिक रोजगारीको लागि स्वीकृति प्रदान गरिएको छ। गत वर्ष सोही अवधिमा वैदेशिक रोजगारीको लागि स्वीकृति जम्मा ६ लाख ३० हजार ९० जनालाई प्रदान गरिएको थियो। वैदेशिक रोजगारीको लागि स्वीकृति प्रदान गरिनेमा बागमती प्रदेशको हिस्सा १५.०३ प्रतिशत रहेको छ।

**तालिका ६.४: जिल्लागत वैदेशिक रोजगारीको विवरण**

| जिल्ला | Recruiting Agency | Individual New | G – to - G | Total without re-entry | Individual Re-entry | Total with Re-entry |
|---|---|---|---|---|---|---|
| दोलखा | ३६७० | ८९७ | ४५२ | ४९३८ | १५६९ | ६५८८ |
| सिन्धुपाल्चोक | ६४७६ | १८११ | ५४५ | ८६४९ | २९५० | ११७८२ |
| रसुवा | ८७८ | २२८ | ४० | २१६१ | २४९ | १३९५ |
| धादिङ | ७०७५ | १६६८ | ४५८ | ९०३० | ३२४२ | १२४५३ |
| नुवाकोट | ५५१८ | १३८० | ५०५ | ७०१३ | ३०३४ | १०१९२ |
| काठमाडौं | २६०० | १८३३ | ५०६ | ४५९७ | २८८७ | ७७०९ |
| भक्तपुर | २२०० | ५०७ | १५४ | २८३१ | ७२८ | ३६०१ |
| ललितपुर | १८०५ | ७३० | १६८ | २६३२ | १६२१ | ३८७२ |
| काभ्रेपलाञ्चोक | ६६८० | १५७८ | ७२६ | ८७७१ | ३०९३ | १२०७७ |
| रामेछाप | ४०४१ | ९३१ | ५५८ | ५४६९ | २०४४ | ७५७४ |
| सिन्धुली | ६७४० | ७७२ | ४०९ | ७७५६ | २६०८ | १०५११ |
| मकवानपुर | ७७१२ | १३१० | ७३० | ९५०३ | ३६३९ | १३३९१ |
| चितवन | ६४९० | २३४० | ६३२ | ९०८५ | ५३६८ | १४८३० |
| **जम्मा** | **६१८८५** | **१५९८५** | **५८८३** | **८२४३५** | **३३०३२** | **११५९७५** |

*स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय*

## ६.४ रोजगारीका चुनौती र सम्भावना

### चुनौती

- पछिल्लो समय वैदेशिक रोजगारको गन्तव्य मुलुकमा युरोपको आकर्षण बढ्दै गएको तर औपचारिक रुपमा मात्र दुई देशसँग (रोमानिया, जर्मनी) श्रम सम्झौता भएको र अन्य मुलुकसँग श्रम सम्झौता नभएकोले त्यहाँ जाने कामदारको ज्यालादर तथा सुरक्षाको पहल गर्नु ।
- स्वास्थ्य क्षेत्रमा न्यून तलबका कारण डाक्टर, नर्स, ल्याव प्राविधिक लगायतका जनशक्ति पलायन हुने दर तीव्र रहेकोले समयानुकुल तलबभत्ता निर्धारण गरी जनशक्तिलाई टिकाई राख्नु ।
- प्राविधिक जनशक्ति पठाउन कोरिया, वेलायत लगायतका देशहरुसँग श्रम सम्झौता गरिएको तर देशभित्र नै यस्ता जनशक्तिको आवश्यकता रहेकोले आवश्यकता अनुसारको दरबन्दी एकिन गरेर मात्र प्राविधिक जनशक्ति विदेशमा पठाउने व्यवस्था गर्नु ।
- कृषि क्षेत्रमा जनआकर्षण घट्दै गएकोले आवश्यकता अनुसारको कृषि तथा भेटनरी शिक्षाको विकास गरी आगामी पुस्तालाई यस पेशातर्फ आकर्षित गर्नु ।

### सम्भावना

- पछिल्लो समय पर्यटनको आगमन उत्साहप्रद रुपमा वृद्धि भएकोले होटल, उड्ययन, यातायात लगायतका क्षेत्रमा रोजगारीको वृद्धि हुने सम्भावना रहेको ।
- प्रदेश भित्र इन्टरनेट, संचार तथा यातायातको राम्रो विकास भएकोले गिग (GIG) इकोनोमीमा रोजगारी वृद्धि हुने सम्भावना रहेको ।
- प्रदेश सरकार वा नेपाल सरकारबाट नविन सोच भएका नयाँ उद्यमी र लघु उद्यमीहरुलाई सीप विकास तालिम प्रदान गर्ने तथा लगानी प्रवर्द्धन गर्ने एकाईको स्थापना गर्न सके उद्यमशीलताको विकास भई युवा स्वरोजगार हुने सम्भावना रहेको ।
- औद्योगिक प्रतिष्ठानको लागि आवश्यक दक्ष र अर्ध-दक्ष जनशक्ति उत्पादनको लागि प्रदेशस्तरीय प्राविधिक शिक्षालयको स्थापना गरी स्वदेशी कामदारको उत्पादकत्व वृद्धि गर्न सकिने तथा विदेशी जनशक्तिलाई प्रतिस्थापन गर्न सकिने ।
- ठूला व्यापारिक प्रतिष्ठानहरुमा व्यापार केन्द्रीत हुँदा साना तथा मझौला व्यापारिक क्षेत्रहरुमा सुस्तता आएकोले पूर्वाधारहरुको विकासपश्चात रोजगारीका नयाँ आयामहरु विकास हुँदै जाने सम्भावना रहेको ।
- पछिल्लो समय नेपाल सरकारले बेलायतसँग श्रम सम्झौता गरी रोजगारीका लागि नेपाली नर्सहरु पठाउने भएको छ । यी दक्ष जनशक्ति पछि स्वदेश फर्किएर आफ्नो सिप र क्षमता स्वास्थ्य क्षेत्रमा समर्पण गरे नेपाली स्वास्थ्य क्षेत्रमा उल्लेखनीय परिवर्तन आउन सक्ने सम्भावना रहेको ।
- पछिल्लो समय दुई युरोपेली देश रोमेनिया र जर्मनीसँग नेपाल सरकारले श्रम सम्झौता गरी नेपाली श्रमिकका लागि युरोपेली श्रम बजार खुला गरेको छ । यस श्रम सम्झौताबाट सुरक्षित एवम् व्यवस्थित रुपमा वैदेशिक रोजगारीमा वृद्धि हुने सम्भावना रहेको ।

# परिच्छेद ७ : आर्थिक परिदृष्य

आर्थिक वर्ष २०७९/८० को तेश्रो त्रयमाससम्म बढ्दो क्रममा रहेको व्याजदर २०७९ चैतबाट विस्तारै घट्न थालेको छ। यद्यपि, समीक्षा वर्षको अधिकांश समयसम्म ब्याजदरमा चाप रहेको, समष्टिगत मागमा कमी आएको, आन्तरिकभन्दा पनि वाहृय कारणहरुले गर्दा उच्च मुद्रास्फीतिको अवस्था रहेको जस्ता कारणहरुले गर्दा अर्थतन्त्रमा अपेक्षित सुधार नभएको देखिन्छ। स्थलगत सर्वेक्षणको क्रममा प्रदेशका कृषि विज्ञ, पशुपंक्षी विज्ञ, मालपोत कार्यालय प्रमुख, यातायात व्यवस्था कार्यालयका कार्यालय प्रमुख, डिभिजन वन प्रमुख, उद्योगी व्यवसायी तथा अन्य सरोकारवालाहरुसँग गरिएको भेटघाट तथा आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावलीमार्फत व्यक्त गरेका विचार तथा जानकारीका आधारमा विश्लेषण गर्दा प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको गतिविधि आगामी वर्षमा केही सुधार हुने अनुमान गरिएको छ।

## ७.१ कृषि क्षेत्र

अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्रहरूबाट प्राप्त तथ्याङ्क तथा प्रारम्भिक अनुमान अनुसार यस प्रदेशको आर्थिक वर्ष २०८०/८१ मा कृषि उत्पादन सामान्य वृद्धि हुने अनुमान गरिएको छ। उत्पादन क्षेत्रको केही विस्तार भएसँगै समयमै वर्षा भएको र धान थन्काउने समय पनि अनुकूल रहेको कारण धानको उत्पादनमा बृद्धि हुने देखिन्छ। बीउबिजनको आपूर्तिमा प्रोत्साहनमुलक कार्य खासै नभएको भएतापनि पनि मलको उपलब्धता अघिल्ला वर्षहरुभन्दा केही सहज भएकोले समग्र कृषि उत्पादनमा पनि केही वृद्धि हुने देखिन्छ। यसका साथै अन्नबाली लगाउने धेरैजसो भू-भागमा तरकारी खेती हुन थालेकोले र संरक्षित जमिनमा तरकारी उत्पादन गर्ने कृषकको संख्यामा वृद्धि भएकोले तरकारी उत्पादन वृद्धि हुने देखिन्छ। त्यसैगरी, अध्ययन क्षेत्रका भेटेरिनेरी अस्पताल तथा पशु सेवा कार्यालयहरूका अनुसार दुध र मासुको माग बढेको तथा वैदेशिक रोजगारीबाट फर्केका युवावर्ग पशुपालन व्यवसायमा आकर्षित भएको हुनाले दुध र मासुको उत्पादन वृद्धि हुने अनुमान रहेको छ।

## ७.२ औद्योगिक क्षेत्र

पछिल्लो समय अर्थतन्त्रका महत्वपूर्ण सूचकहरुमा सुधार आएपनि उद्योगीहरुको मनोवैज्ञानिक रुपमा आत्मविश्वास बढ्न नसकेको, निर्माण क्षेत्रको शिथिलताको कारण औद्योगिक उत्पादन कम क्षमतामा चलेको, सहकारी तथा लघुवित्त क्षेत्रमा देखिएको समस्याका कारण साना तथा मझौला उद्योगीहरुको लगानी तथा पुँजी वृद्धिमा समस्या देखिएको कारणले अल्पकालीन रुपमा उद्योग व्यवसाय र औद्योगिक उत्पादन सुस्त देखिएपनि विद्युत आपूर्तिमा सहजता, विप्रेषण आप्रवाहमा वृद्धि, सरकार तथा राष्ट्र बैंकको नीतिगत पहल लगायतका कार्यहरुले दिर्घकालीन रुपमा पुँजीको परिचालन तथा उत्पादन क्षमतामा विस्तार भई औद्योगिक उत्पादन बढ्ने अनुमान गरिएको छ।

## ७.३ सेवा क्षेत्र

विश्व वजारमा देखिएको बढ्दो मुद्रास्फीतिका कारण थोक तथा खुद्रा व्यापारमा असर देखिएपनि वैदेशिक रोजगारीमा जानेको संख्या वृद्धि हुँदै गएकोले आगामी दिन विप्रेषण आप्रवाह वृद्धि भई आयातमा वृद्धि हुने, स्वदेशी तथा विदेशी पर्यटनको आगमन बढ्ने, आन्तरिक तथा बाह्य हवाई सेवामा वृद्धि, यातायात, संचार, स्वास्थ्य तथा शिक्षा क्षेत्रमा गरिने लगानीमा वृद्धि हुने लगायतको कारणले सेवा क्षेत्र विस्तार हुने अनुमान गरिएको छ। यद्यपि, पछिल्लो समय इजरायल-हमास बीचको युद्धले अरब मुलुकहरुमा पर्नसक्ने प्रभावका कारण नेपालीहरु वैदेशिक रोजगारीमा जाने र त्यहाँबाट प्राप्त हुने विप्रेषणमा केही नकारात्मक प्रभाव पर्नसक्ने सम्भावना रहेको छ।

## ७.४ पूर्वाधार क्षेत्र

निजी क्षेत्रबाट निर्माणाधिन जलविद्युत आयोजना, विद्युत प्रसारण लाइन निर्माण, सुरूङ्गमार्ग निर्माण जस्ता केही महत्वपूर्ण पूर्वाधार आयोजनाहरुका कामहरूले गति लिएको अवस्था छ। हुलाकी राजमार्ग, पुष्पलाल-मध्य पहाडी लोकमार्ग, काठमाडौं तराई मधेश द्रुतमार्ग जस्ता ठूला परियोजनाहरुको निर्माण कार्यमा पनि तीव्रता आउने अनुमान गरिएको छ।

***